म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९० आइतबार २५ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 10 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ग्रीण्डलेजको साधारणसभा सम्पन्न

हेटौंडा, २४ कात्तिक/ग्रीन्डलेज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । हेटौंडाको दर्शन पार्टीप्यालेसमा भएको वार्षिक साधारणसभा सहकारीका अध्यक्ष महेन्द्र इटेनीको सभाध्यक्षतामा भएको हो ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१० का वडाध्यक्ष फुर्वादोर्जे तामाङको प्रमुखआतिथ्यता रहेको थियो । कार्यक्रममा वडाअध्यक्ष तमाङले ग्रीन्डलेजको सदस्य संख्या कम भएतापनि गुणात्मकरुपमा राम्रो काम गरोको बताए । प्रगति प्रतिबेदन सहकारी सचीव ऋषिकुमार ढकाल र कोषाध्यक्षको प्रतिबेदन कोषाध्यक्ष गोपीप्रसाद न्यौपानेले प्रस्तुत गरेका थिए ।

कार्यक्रममा सहकारी उपाध्यक्ष जानुकादेवी कँडेल, सदस्य रामहरि ढकाल, लेखासमिति संयोजक सागर सापकोटा, सल्लाहकार नारायणप्रसाद कँडेल, ब्यवस्थापक शंकर कुँवरलगायतको आतिथ्यता रहेको थियो । सहकारीमा ६ सय ४२ जना सदस्य रहेको ब्यवस्थापक कुँवरले जानकारी दिए ।

### थाहानगरमा प्रचण्ड:

# प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको एजेण्डामा नयाँ आन्दोलन थाल्ने

नवीन तिमल्सिना

थाहानगर, २४ कात्तिक/ नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रत्यक्ष कार्यकारी प्रमुखको एजेण्डा बोकेर माओवादी केन्द्रले नयाँ आन्दोलन, नयाँ क्रान्ति थाल्ने घोषणा गरेका छन् ।

मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा शनिवार योङ कम्युनिस्ट लिगको नगरअधिवेशनलाई सम्बोधन गर्दै दाहालले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाबाट ५ वर्षको स्थायी सरकार नबनेसम्म मुलुकमा बेथिति, भ्रष्टाचारको अन्त्य नहुने बताएका छन् । मेचीदेखि महाकालीसम्म पुग्दा माओवादी र प्रचण्डमाथि जनताको भरोसा र विश्वास जागेको बताउँदै उनले मुलुकले नयाँ विकल्प खोजिरहेको महुशस गरेको बताए । नयाँ विकल्पकारुपमा उनले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाका लागि नयाँ आन्दोलन र नयाँ क्रान्ति गर्ने घोषणा गरेका हुन् ।

'नयाँ जिम्मेवारीबोधले नयाँ आन्दोलन र नयाँ क्रान्तिको नेतृत्व लिनुपर्छ भन्ने लागेको छ । बेथिति, भ्रष्टाचारविरुद्द नयाँ आन्दोलन र अभियान चलाउन पर्ने भएको छ,' प्रचण्डले भने, 'प्रचण्ड थाकेको छैन । प्रचण्ड र माओवादी नयाँ क्रान्तिबाट भ्रष्टाचारीहरुको सबै षडयन्त्र निस्तेज पार्ने अभियान सुरु गर्न लाग्दैछ, तपाईंहरुको साथ चाहिन्छ मलाई ।'

प्रचण्डले प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्थाका लागि माओवादीले छिट्टै एजेण्डासहित अभियान चलाउन लागेको उनले बताए । कांग्रेस र एमालेको संगतले माओवादी बिग्रिएको उनको भनाई छ । जनतासँग अलिअलि बिग्रिएको माओवादीले एकपटक माफी मागेर अघि बढ्ने उनको भनाई छ । २०६४ जतिकै शक्तिले २०८४ पछि सरकारमा आउनुपर्ने अपिल गर्न पनि







मेचीमहाकाली अभियान चलाइने उनले बताएका छन् ।

उनले १८ महिनाको कार्यकालमा सुशासन र सामाजिक न्यायका लागि बथेति र विकृतिविरुद्ध इमान्दार काम गरेको दाबी गरे । संख्याको बलमा नेपाली कांग्रेस र एमालेले देशमा सुशासन कायम हुन थाल्नु, भ्रष्टाचारीहरु कारबाहीमा पर्न थालेपछि उनीहरुलाई बचाउन सरकार गठन गरेको र भ्रष्टाचारीहरुकै योजजामा काम गरिरहेको प्रचण्डले आरोप लगाए ।

केपी शर्मा ओलीको सरकारले कुलमान घिसिङलाई हटाउन खोजेको भन्दै प्रचण्डले माओवादी सरकारको उपलब्धि देश लोडशेडिङमुक्त भएको कांग्रेस-एमाले गठबन्धनको सरकारले देख्न नसकेको पनि आरोप लगाए । देशलाई फेरि अँध्यारो युगमा लैजान कांग्रेस र एमाले लागिरहेको प्रचण्डको भनाई छ । आफू तेस्रोपटक सरकारमा आउँदा सुशासन कायमका लागि भ्रष्टाचार, मिटरब्याजीमाथि ठूलो अप्रेशन चलाउन थालेपछि माओवादी नेतृत्वको सरकार जालझेल र षड्यन्त्रबाट ढालिएको बताए । माओवादीले जालझेल र षडयन्त्र गर्न नजानेको उनको दावी थियो । केपी ओलीले १०० दिनको उपलब्धिमा आफूले गरेको कामको पनि विवरण समावेश गरेको प्रचण्डले बताएका छन् ।

आफ्नो कार्यकालमा नेपाली जनताको प्रतिष्ठा र इज्जत अन्तर्राष्ट्रिय समुदायमा माथि उठाउन देशमा जलवायु परिवर्तनका असरबारे अन्तर्राष्ट्रिय फोरमहरुमा कुरा उठाएको प्रचण्डले स्मरण गरे । यी सबै काम गर्दा पनि भ्रष्ट, दलाल र माफियालाई प्रचण्डको सरकार टाउको दुखाई भएको उनले दाबी गरे । ब्याख्या गर्ने समय नभएको बताउँदै प्रचण्डले आफ्नो कार्यकालमा धेरै बिचौलियाको सेटिङ भत्काइ दिएको उनको भनाइ थियो । कांग्रेस र एमालेप्रति जनताको आक्रोश र असन्तुष्टि दिनदिनै बढिरहेको प्रचण्डको दाबी छ । विपदका बेलामा पीडितको घरदैलोमा पुग्दा सरकार कहाँ छ ? थाहा छैन, तपाईं हुनुहुन्छ भनेर उनीहरुले आफ्नो साथ खोजेको प्रचण्डले दाबी गरे ।

बागमती प्रदेशमा तामाङ र नेवारी भाषालाई सरकारी कामकाजको भाषा बनाउन आफ्नो निर्देशनात्मक भूमिका रहेको उनले बताए । रुपचन्द्र विष्टको प्रतिमा अनावरण गरेको १६ वर्षपछि आफू थाहानगर आएको प्रचण्डले स्मरण गरे । यसैगरी, पार्टी उपाध्यक्ष तथा पूर्वसभामुख अग्नि सापकोटाले सरकार भ्रष्टहरुको संरक्षक बनिरहेको आरोप लगाएका छन् । सरकारले भस्मासूर प्रवृति देखाएको उनले बताए । केपी ओली नेतृत्वको सरकारलाई छिमेकी मुलुक भारत लगायत देशले पनि नरुचाएको उनको दाबी छ । माओवादी कुखुरा नभई चील भएको बताउँदै सापकोटाले फेरि क्रान्तिका लागि माओवादी गतिका साथ अगाडि बढ्न तयार रहेको बताए ।

संविधानसभा सदस्यसमेत रहेका पार्टीका केन्द्रीय सदस्य रामनारायण बिडारीले निर्दलीय व्यवस्थामा बहुदलीय अभ्यास गरेको भूमि थाहा नगरपालिका माओवादीको महत्वपूर्ण क्षेत्र रहेको बताए । नेपाल संकटमा रहेको बताउँदै यसबाट निकाल्न परिवर्तनको क्रान्ति फेरि सुरु गर्नुपर्ने प्रचण्डको नेतृत्वमा माओवादीले गर्नुपर्ने उनले सुझाए । माओवादीलाई २०८४ मा बहुमत दिएर मुलुक परिवर्तनका लागि निर्णायक भूमिका खेल्नुपर्ने बिडारीले बताए । प्रगतिशील व्यवस्था र प्रगतिशील कानुनी आवश्यम रहेको उनले बताए ।

पार्टी केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज विजय गौतमले २०८४ को निर्वाचनबाट मकवानपुर माओवादी मय हुने दाबी गरे । कांग्रेसले बिपि कोइराला र एमालेले मदन भण्डारीको फोटो बेचेर राजनीति गरिरहेको उनले आरोप लगाए । कांग्रेस र एमालेको गठबन्धन सरकारले भ्रष्ट्राचारको संरक्षण गरिरहेकोले लुटको साम्राज्य फेरि देखिएको आरोप लगाए । प्रचण्डको नेतृत्वमा मुलुकले समृद्धि हासिल गर्ने उनको विश्वास छ ।

पार्टी बागमती प्रदेश कमिटी सदस्य तथा थाहाका निवर्तमान नगरप्रमुख लवशेर विष्टले माओवादी भएकैले विकासप्रेमी, समृद्धिको संवाहक नेतृत्वका कारण थाहा नगरपालिकाले गति लिएको बताए । ३०० घरधुरी, हजार भन्दा बढी रोपनी जग्गा रहेको फेदी गाउँको बस्तीमा २०५० को बाढीले क्षति पुऱ्याएकोले यसको संरक्षण, थाहा-थानकोट सडकको निर्माण सम्पन्न गर्न तदारुकताका लागि पहल गरिदिन प्रचण्डसँग अनुरोध गरे ।

# असोजको बाढीबाट सबैभन्दा बढी क्षती बागमती प्रदेशमा

साझाकुरा संवाददाता



हेटौंडा, २४ कात्तिक/ गत असोज १२ र १२ को बाढीपहिरोका कारण ४७ अर्ब बढी क्षति भएको अनुमानित तथ्यांक राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्था प्राधिकरणले सार्वजनिक गरेको छ । सबैभन्दा बढी बागमती प्रदेशमा १६१ र कोशीमा १२१ गरी कूल ३१६ विपद्का घटना भएका छन् ।

मधेश, लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशमा क्रमश: १५, ११, ५ र ३ वटा घटना छन् । मानवीय क्षतिको आधारमा २३८ जनाको मृत्यु भएको छ भने सबैभन्दा बढी बागमतीमा २०८ र कोशीमा २० जनाको मृत्यु भएको छ । बागमतीका १४ र कोशीका चार गरी १८ जना बेपत्ता छन् । यसबाहेक, १७० जना घाइते भएका थिए, बागमती र कोशी प्रदेशमा क्रमश: १५४ र १३ जना घाइते भएका थिए ।

कुल ५५१ घर ध्वस्त हुनुकासाथै ८५५ घर प्रभावित भएका छन् । सबैभन्दा बढी बागमतीमा ४२४ घर भत्किएका छन् भने ७४३ प्रभावित भएका छन् । कोशीमा ११७ घर ध्वस्त भएका छन् भने १११ प्रभावित भएका छन् । मधेस, लुम्बिनी र गण्डकीलगायत अन्य प्रदेशमा तुलनात्मकरुपमा कम क्षति भएको छ । कुल १ हजार २८८ पशुधन नष्ट भएको थियो । सबैभन्दा बढी क्षति बागमतीमा भएको छ । यहाँ १ हजार २०५ पशुचौपाया प्रभावित भएका छन् ।

प्रदेशहरुमा कुल अनुमानित ४५ करोड ८० लाख ७१ हजार ५० वित्तीय क्षति थियो । सबैभन्दा बढी कोशी प्रदेशले ४३ करोड ४७ लाख २९ हजार ५० रुपैयाँ र गण्डकी प्रदेशले १ करोड ५३ लाख ६० हजार रुपैयाँ नोक्सानी व्यहोरेका छन् । बागमती प्रदेशको अनुमानित क्षति ४० लाख ६२ हजार रहेको छ भने अन्य प्रदेशमा तुलनात्मक रुपमा कम क्षति भएको छ ।

प्राधिकरणले भौतिक पूर्वाधार, सामाजिक र उत्पादनशील क्षेत्र गरी तीन क्षेत्रगत आधारमा तयार पारिएको प्रतिवेदनअनुसार भौतिक पूर्वाधारतर्फ सबैभन्दा बढी ३८ अर्ब ९२ करोड ३४ लाख ३५ हजार बरावरको क्षति भएको अनुमानित तथ्यांक छ । भौतिक पूर्वाधारतर्फ पनि सबैभन्दा बढी राजमार्गमा क्षति भएको छ । जसमा ४१ राजमार्गमा क्षति पुगेको छ । जसको मर्मतसम्भार मात्रै २७ अर्ब ९८ करोड रुपैयाँ लाग्ने अनुमान छ ।

त्यस्तै, २६ हाइड्रोपावर कम्पनीमा ३ अर्ब १ करोड ८० लाख क्षति भएको छ । दूरसञ्चार क्षेत्रतर्फका ४४६ पूर्वाधारमा क्षति हुँदा १५ करोड २३ लाख बराबरको क्षति भएको छ । खानेपानी तथा सरसफाइतर्फ १ हजार ६७८ ओटा संरचनामा ५ अर्ब ९० करोड ६० लाख मूल्य बराबरको क्षति भएको छ । भने पुलपुलेसातर्फ ४४ संरचनामा क्षति पुगेको छ । जसमा १० अर्ब ४२ करोड बराबरको क्षति भएको छ ।

सामाजिक क्षेत्रतर्फ कुल १६ हजार २४३ व्यक्तिहरु प्रभावित भएका छन् । ५ हजार ९९६ घर ध्वस्त भएभने १३ हजार ४५ घरमा आंशिक क्षति भएको छ । विनाशले १० हजार ८०७ परिवारलाई विस्थापित गरेको छ । स्वास्थ्यक्षेत्रमा ६ ओटा पूर्णरुपमा नष्ट भएका छन् भने ४३ वटा स्वास्थ्य संस्था आंशिकरुपमा नष्ट भएका छन् । ६ ओटा विद्यालय पूर्णरुपमा ध्वस्त भएका छन् भने १३६ वटा विद्यालय आंशिकरुपमा क्षतिग्रस्त भएकाछन् । जसले गर्दा बालबालिकाको शिक्षामा थप बाधा पुगेको प्रतिवेदनमा उल्लेख छ ।

धेरै जिल्लामा मानवीय क्षति भएको छ । विपद्मा धादिङ, काभ्रे र ललितपुरमा सबैभन्दा बढी २४९ जनाको मृत्यु भएको छ भने १७८ जना घाइते भएका थिए । भने १८ जना वेपत्ता भएका र १७० भन्दा बढी व्यक्तिको उद्दार गरिएको थियो । उद्दारका लागि १४ हजार ८०० भन्दा बढी प्रहरी प्रभावित क्षेत्रमा तैनाथ गरिएका थिए । उत्पादनशील क्षेत्रतर्फ कृषि र पशुपन्छीमा ठूलो नोक्सानी ब्यहोर्नु परेको छ । प्रकोपबाट सञ्चयी आर्थिक क्षति कुल ७ अर्ब १५ करोड रुपैयाँ छ ।

प्रतिवेदनअनुसार २६ हजार ६ सय ९८ पशुचौपायासमेत ६५ हजार ३ सय ८० हेक्टर खेतीयोग्य जमिन प्रभावित भएका छन् । यसबाट ५ अर्ब ८८ करोड २८ लाख १२ हजार ५ सय रुपैयाँ बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ । यसका साथै ७ वटा सिँचाइ आयोजना प्रभावित भएका छन् जसका कारण १ अर्ब ३ करोड रुपैयाँ बराबरको क्षति भएको छ । कृषिमा परेको यो प्रभावले खाद्यसुरक्षा र भूमि र पशुधनमा निर्भर किसानलाई खतरामा पार्ने प्रतिवेदनमा उल्लेख छ ।

पूर्वाधारको पुनर्निमाण, विस्थापित जनसंख्यालाई सहयोग र अर्थतन्त्रलाई पुनर्जीवन दिने कार्यलाई प्राथमिकता दिई प्रभावित क्षेत्रको कमजोरी र भविष्यमा हुने जोखिम न्यूनीकरणका लागि व्यापक विपद् पूर्वतयारीका उपायलाई महत्व दिनुपर्ने प्रतिवेदनले सुझाएको छ । प्रतिवेदनमा सरकारले गर्नुपर्ने पूर्वकार्य तथा विपद्पछिको व्यवस्थापनमा ११ बुँदे सुझाव दिएको छ ।

# जनहित स्वावलम्बनको कारोवार सवा दुई करोड

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ मकवानपुरगढी गाउँपालिका-५ खैरेनी स्थित जनहित स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाको १९ औं वार्षिक साधारणसभा तथा ७ औं अधिवेशन शुक्रबार सम्पन्न भएको छ । संस्थाका अध्यक्ष श्रीराम अर्जुन दाहालको सभाध्यक्षता तथा गाउँपालिका अध्यक्ष दोर्जे लामास्याङ्तानको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो ।

सहकारीले आव २०८०/८१ मा दुई करोड २६ लाख ४९ हजार ६५६ रुपैयाँको कारोबार गरेको छ । संस्थाले सदस्यलाई एक करोड ९९ लाख ६७ हजार ६७३ रुपैयाँ कर्जा लगानी गरेको छ । १९ लाख ८ हजार ७ सय शेयर पुँजी रहेको सहकारीमा ४८९ जना सदस्य आवद्ध रहेको संस्थाका व्यवस्थापक दीर्घबहादुर थापाले बताए । संस्थाको जगेडा कोषमा १३ लाख ६० हजार ७१३ रुपैयाँ रहेको छ भने बचत निक्षेप एक करोड ७६ लाख ७० हजार ९७३ रुपैयाँ रहेको व्यवस्थापक थापाले बताए ।

सभाको अवसर पारेर सहकारी स्थापना गर्दा २०६३ मंसिर २९ गते कित्ता नं. ९४२ को क्षेत्रफल ०४३० बराबरको जग्गादाता स्व. भक्तकुमार बजगाईका छोरा खेमराज बजगाईलाई दोसल्ला ओढाएर सम्मानपत्र सहित सम्मान गरिएको थियो । विभिन्न कालखण्डमा सहकारीको सहव्यवस्थापक पदमा रही सेवाप्रदान गर्नुहुने पूर्वकर्मचारीहरु सरिता चौलागाई र ईन्दु अधिकारीलाई कदरपत्रसहित सम्मान गरिएको थियो । सहकारीले विभिन्न विधामा सदस्यलाई पुरस्कृत गरेको थियो ।

आयआर्जन समूहतर्फ प्रथम हिमचुली आयआर्जन समूह, द्वितीय अन्नपूर्ण आयआर्जन समूह, तृतीय जनज्योति आयआर्जन समूह र सान्त्वना कालीवन आयआर्जन समूहलाई नगदसहित पुरस्कृत गरिएको थियो । त्यस्तै, असल ऋणीतर्फ देवेन्द्र दुलाल र गीता नेपाली, असल बचतकर्तातर्फ तेज बहादुर अधिकारी र मञ्जु घिमिरे, जेष्ठसदस्यतर्फ रामबहादुर थिङ, एकल महिलातर्फ ज्ञानीमाया स्याङ्बो र चेतकुमारी पुडासैनीलाई सम्मान गरिएको थियो ।

सभामा वडा नम्बर ५ का वडाअध्यक्ष दीपेश दहाल, जिल्ला बचत तथा ऋण सहकारी संघका संस्थापक अध्यक्ष सुलोचना स्याङ्तानको विशेष आतिथ्यता रहेको थियो । सभामा कार्यपालिका सदस्य नन्दमाई विश्वकर्मा, वडासदस्य सुकराम थिङ, संस्थाका पूर्वअध्यक्ष समेत रहेका वडासदस्य अर्जुनबहादुर रुम्बा, महिला कल्याण साकोसका अध्यक्ष पार्वती फुँयाल, स्वरोजगार सानाकिसान कृषि सहकारी संस्थाका अध्यक्ष धनकुमारी खड्का, जनजागृति बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष हीरामणि दाहाल, लागिगुराँस दुग्धउत्पादक सहकारी संस्थाका अध्यक्ष जसुदा लम्साल, लेखासमिति संयोजक चण्डिका पौडेल, संस्थापक अध्यक्ष गुणनिधि ढकाल, पूर्वअध्यक्ष थलनाथ घिमिरे लगायतको आतिथ्यता रहेको थियो ।

# सृजनशीलको सेयरपूँजी ४७ लाख रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ मकवानपुरगढी-४ मा रहेको सिर्जनशील समाज बचत तथा ऋण सहकारी संस्थाको १८ औं वार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ । सहकारीका अध्यक्ष कृष्ण बिडारीको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा प्रमुखअतिथि पाठकले स्थानीय उत्पादनलाई प्राथमिकतामा राखी स्थानीय सरकारसँग समन्वय गरी आर्थिक क्रान्तितर्फ काम गर्नुपर्नेमा जोड दिइन् । साधारण सभामा संस्थाका अध्यक्ष बिडारीले संस्थागत प्रतिवेदन कोषाध्यक्ष चुडा बहादुर बन्जाराले आर्थिक प्रतिवेदन र लेखासंयोजक अर्जुनप्रसाद सापकोटाले लेखासमितिको प्रतिवेदन पेश गरेका थिए । साधारणसभामा अधिक बालबचतकर्ता अजय ढुंगाना, अधिक मासिक बचतकर्ता गोकुल दाहाल, असली कारोवारी तिलककुमारी घलान, ज्येष्ठ शेयरसदस्य ठमनाथ चौलागाई र २०८० सालको एसईई परीक्षामा उत्कृष्ट अंक हासिल गर्ने समीक्षा फुँयाललाई पुरस्कृत गरिएको थियो ।

सभामा मकवानपुरगढी-३ का वडाअध्यक्ष भागवत घिमिरे, ४ का वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, जिल्ला बचत तथा ऋण सहकारी संघ सञ्चालक सदस्य यसोदा पराजुली, राष्ट्रिय सहकारी बैंक हेटौंडा शाखाका विक्रम पौडेल, श्रमिक सानाकिसान कृषि सहकारी अध्यक्ष निर्मला देवकोटा, हिमाल महिला बहुउद्देश्यीय सहकारी संस्था अध्यक्ष जानुका दाहाल, कालीदेवी दुग्ध उत्पादक सहकारी संस्था अध्यक्ष विक्रम योन्जन, रानी सामुदायिक वनका उपाध्यक्ष केशव धिताल, शहीद रुद्र पाखिन स्वास्थ्यचौकी प्रमुख लक्ष्मण दाहाल, सल्लाहकार खिलप्रसाद चौलागाई, राजकुमार चौलागाई, उपाध्यक्ष लक्ष्मण भट्टराई, सचिव सर्कलाल लो लगायतको आतिथ्यता रहेको थियो । ८ सय ८९ जना शेयरसदस्य रहेको संस्थाको शेयरपूँजी ४७ लाख १३ हजार निक्षेप ४ करोड २४ लाख र ऋण लगानी ४ करोड ६५ लाख रुपैयाँ रहेको ब्यवस्थापक विमला न्यौपानेले बताइन् ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# राजश्व लक्षमा कमजोर कार्यसम्पादन

बागमतीको राजस्व संकलनको अवस्था कमजोर देखिएको छ । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा अनुमानको १० प्रतिशत मात्र राजस्व संकलन गरेको छ । सरकार जनमुखी भन्दा सत्ताकेन्द्रित गतिबिधिमा ब्यस्त भएका कारण राजश्व संकलनमा प्रभाव परेको हो । प्रदेशले चालु आर्थिक वर्षमा ६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको थियो । प्रदेश सरकारका विभिन्न निकायले आन्तरिक आय र बाह्य स्रोतबाट संकलित राजस्व आर्थिक वर्षको सुरुवाती ३ महिनामा १० प्रतिशत मात्र रहेको हो । आर्थिक मामिला तथा योजना मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार चालु आव २०८१/८२ को असोज मसान्तसम्ममा लक्ष्यको १० प्रतिशत अर्थात् ६ अर्ब ८६ करोड ७ लाख ३८ हजार रुपैयाँ राजस्व संकलन गरेको देखिएको छ । प्रदेश सरकारले बाँडफाँटबाट २९ अर्ब ५५ करोड ८९ लाख रुपैयाँ राजश्व प्राप्त हुने अनुमान गरेकोमा १२.९५ प्रतिशत (३ अर्ब ८२ करोड ८५ लाख ५६ हजार रुपैयाँ) संकलन गरेको छ ।

मन्त्रालयका प्रशासन महाशाखाका अनुसार चालु आवमा घरजग्गा र जिष्ट्रेशन दस्तुर, बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, बाँडफाँडबाट प्राप्त हुने अन्तशुल्क, सवारीसाधन कर, मनोरञ्जन कर र दहत्तरवहत्तरको बिक्रीबाट प्राप्त हुने आयमार्फत् राजस्व संकलन गरेको हो । प्रदेशको सबैभन्दा धेरै आम्दानीको स्रोत सवारीसाधन कर र घरजग्गा रजिष्ट्रेशन दस्तुरवापतको राजस्व देखिन्छ । प्रदेशले प्राप्त गर्ने बाँडफाँड, अनुदान, आन्तरिकस्रोत र बेरुजु तथा नगद मौजदातको रकम संकलन कमजोर हुँदा राजस्व संकलनमा प्रभाव परेको हो । मन्त्रालयले उपलब्ध गराएको तथ्यांकअनुसार चालु आवको दुई महिनामा बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट एक करोड १४ लाख ५० हजार, अन्तशुल्कवापत १९ करोड ६४ लाख संकलन भएको थियो । प्रदेशले यो शीर्षकअन्तर्गत घरजग्गा र जिस्ट्रेसन दस्तुरबापत ४९ करोड ३८ लाख ६४ हजार रुपैयाँ (६.४१ प्रतिशत), मूल्यअभिवृद्धि कर १ अर्ब १९ करोड ५४ लाख ९ हजार (१३.८७ प्रतिशत), अन्तशुल्क ३९ करोड ९३ लाख १७ हजार रुपैयाँ (१०.८१ प्रतिशत), सवारीसाधन कर १ अर्ब ६५ करोड ९० लाख रुपैयाँ (२२.१२ प्रतिशत), मनोरञ्जन कर १ लाख ३० हजार (०.२४ प्रतिशत), विज्ञापन कर १३ लाख ६१ हजार रुपैयाँ (७.१७ प्रतिशत), दहत्तरबहत्तरको बिक्रीबाट ७ करोड ९४ लाख ९९ हजार रुपैयाँ (५.६८ प्रतिशत) संकलन गरेको छ ।

संघीय सरकारबाट १५ अर्ब ५७ करोड ५६ लाख रुपैयाँ अनुदान प्राप्त गर्ने लक्ष्य रहेको छ । जसमध्ये पहिलो त्रैमासिकमा प्रदेशले २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ (१३.२३ प्रतिशत) प्राप्त गरेको छ । बित्तीय समानीकरण अनुदानबापत प्राप्त हुने ८ अर्ब २४ करोड ३४ लाख रुपैयाँमध्ये २ अर्ब ६ करोड ८ लाख ५० हजार रुपैयाँ (२५ प्रतिशत) प्राप्त गरेको छ । यो बाहेक हालसम्म कुनै पनि अनुदान संघीय सरकारबाट प्राप्त गर्न सकेको छैन । संघीय सरकारबाट प्राप्त हुने निर्धारित सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र अन्य अनुदान कुनैपनि प्राप्त गरेको छैन । प्रदेश सरकारको आन्तरिक आयतर्फबाट ४ अर्ब ५३ करोड ८४ लाख ७९ हजार रुपैयाँ लक्ष्यमध्ये ८९ करोड ८४ लाख २ हजार रुपैयाँ (१९.८० प्रतिशत) राजस्व संकलन गरेको छ । आन्तरिक आयतर्फ कृषिआयमा करबापत ८ हजार रुपैयाँ (०.८८ प्रतिशत) राजस्व संकलन गरेको छ । यो शीर्षकमा चालु आर्थिक वर्षमा १० लाख रुपैयाँ राजस्व संकलनको लक्ष्य लिएको थियो । सरकारी सम्पत्तिको बहालतर्फ भने लक्ष्य भन्दा बढी राजस्व संकलन गरेको छ । यो शीर्षकमा २० लाख रुपैयाँ राजस्व संकलन हुने अनुमान गरेकोमा पहिलो त्रैमासिकमा नै २१ लाख ८ हजार रुपैयाँ (१०५.४१ प्रतिशत) संकलन गरेको मन्त्रालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २६ गते सोमबार ११ नोभेम्बर २०२४ । दशमी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२३, सूर्यास्त ५:११ । बलम्बु महालक्ष्मी जात्रा । गंगाजमुनामेला ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विवाद बढ्न सक्नेछ | तुला | : शुभ समाचार सुन्न पाइनेछ |
| वृष | : उत्साह कम हुनेछ | वृश्चिक | : मान सम्मान पाउन सकिनेछ |
| मिथुन | : कार्य सिद्धिबाट सुख मिल्नेछ | धनु | : मन खिन्न हुन सक्नेछ |
| कर्कट | : उदर-विकार हुन सक्नेछ | मकर | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| सिंह | : परिवारमा उन्नति हुनेछ | कुम्भ | : राजनीतिमा सफलता मिल्नेछ |
| कन्या | : काममा रोकावट आउन सक्नेछ | मीन | : काममा विलम्ब हुनेछ |

# तपाईंको शान्ति तपाईंभित्रै छ



✍ प्रेम रावत

पहिलो पाइला के हो ! सबैभन्दा पहिलो पाइला के हो भने तपाईंभित्र शान्ति छ भन्ने कुरालाई बुझ्नुहोस् । किनभने, अहिलेसम्म 'तपाईंले खोजिरहनुभएको चीज तपाईंसँग छैन' भनेर तपाईंलाई सिकाइएको छ । तपाईंलाई चाहिएको खेलौना कहाँ पाइन्छ ! बजारमा पाइन्छ । त्यसलाई किनेर ल्याउनुपर्ने हुन्छ । तपाईंलाई चाहिएको शिक्षा कहाँ पाइन्छ ? त्यो विद्यालयमा पाइन्छ । विद्यालयमा त तपाईं जानै पर्ने हुन्छ । तर, जहाँसम्म शान्तिको कुरा छ त्यो बाहिर छैन । त्यो तपाईंभित्रै छ ।

तपाईंले शान्ति आफूभित्रै छ भनेर जान्नुभएका दिन त्यो शान्ति तपाईंको चाहना नभएर आवश्यकता बन्नेछ । किनभने, तपाईंको चाहना त बदलिरहन्छ । यसकारण तपाईंको दराजमा भएको चीजलाई एक दिन तपाईंले किन्नुभएको थियो तर अहिले त्यसलाई प्रयोग गर्नुभएको छैन । त्यसैले तपाईंको चाहना फेरिइरहन्छ ।

यदि मैले तपाईंको पहिलो पाइला अगाडितिर छैन भनिदिएँ भने के होला ! मानिसहरू त पाइलालाई अघि सार्नुपर्छ भन्छन् । कसरी अगाडि बढ्ने ! अगाडितिर जाने कुरा होइन, भित्रतिर जाने कुरा हो । तपाईंलाई चाहिएको शान्ति तपाईंभित्र छ । अहिले पनि छ अनि तपाईं रिसाएको समयमा पनि हुन्छ । तपाईंले आफूलाई कुनै कारणले घृणा गर्नुभएको समयमा या तपाईं खुशी हुनुभएको समयमा पनि त्यो हुन्छ । तपाईं दु:खी हुनुभएको समयमा पनि हुन्छ । त्यो सदैव तपाईंभित्रै छ ।

एउटा उदाहरणलाई हेरौं । एउटा कक्षामा ४० जना बालबालिका छन् । त्यहाँमध्येका १० जनाबाहेक सबै विद्यार्थी केही पनि नगरी चुपचाप बसेका छन् । तपाईंलाई थाहै होला ती १० जनाले यदि केही खराबी गरे भने त्यहाँ बस्ने बाँकी ३० जनामा पनि त्यसको प्रभाव पर्छ । त्यस्तै शान्तिका विषयमा कुरा हुँदा अनि निजी शान्तिका बारेमा चर्चा हुँदा तपाईंले यसलाई अनुभव गरेपछि मात्रै बुझ्न सक्नुहुन्छ । त्यसपछि तपाईंले भन्नुहुनेछ, 'हो ! अब मैले शान्तिको अनुभव गरेको छु ।' जुनसुकै देशको मानिस भए पनि, जस्तोसुकै मानिस भए पनि 'घोकेर' सिकेको कुरामा तपाईंले केही पनि भन्न सक्नुहुन्न । तथापि, अनुभवबाट सिकेको कुरामा तपाईंले भन्न सक्नुहुन्छ, 'यो यस्तो हुन्छ ।' यसर्थ शान्ति अनुभव गर्ने कुरा हो ।

कारागारमा समेत शान्तिको अनुभव हुन सक्छ । आजीवन कारावासको सजाय पाएकाहरूमा पनि अनुभव हुन सक्छ । यदि त्यस्ता मानिसहरूको जीवनमा समेत आशा पलाउन सक्छ भने जहाँसुकैका अत्यन्तै गरिब, असाध्यै धनी वा जोसुकैले पनि शान्तिको अनुभव गर्न सक्छ ।

कसैले मलाई तिर्खा लागेको छ भन्यो भने मैले उसलाई चार गिलास पानी दिऊँ । फेरि अर्को कोठाबाट मलाई कसैले सोध्छ, 'त्यो कोठामा भएका ती तिर्खालु मान्छेको तिर्खा मेटियो ?' अनि मैले उसलाई उत्तर दिऊँ, 'मैले त उसलाई चार गिलास पानी दिएर आएको हो । पक्कै पनि उसको तिर्खा मेटियो होला ।' तर, यदि उसले पानी पिएकै छैन भने कसरी तिर्खा मेटिन्छ र ? शान्ति पनि यस्तै कुरा हो । मानिसहरूले त यदि हामीले लडाइँ, झगडालाई रोक्यौं भने शान्ति हुन्छ भनेर सोच्छन् । त लडाइँ कसरी शुरु भयो ! शान्ति त पहिल्यै थियो अनि लडाइँचाहिँ कसरी शुरु भयो ! लडाइँ त एउटा प्रणाली हो । जस्तो रुघा लाग्यो भने खोकी पनि लाग्छ, नाकबाट सिँगान पनि बग्छ । यो त सबै प्रणाली हो । यसर्थ सबै कुरा त्यही शान्तिको अभावका कारण भइरहेको छ । वास्तवमा मानिसलाई निजी शान्तिको आवश्यकता पर्दछ । निजी शान्ति नभएसम्म यो संसारमा कहिल्यै शान्ति हुन सक्दैन ।

दुईवटा मैनबत्ती छन्- एउटा निभेको छ अनि अर्को बलिरहेको छ ।

दुवै मैनबत्तीलाई तपाईंले नजिकमा ल्याउनुभयो भने के हुन्छ ! निभेको मैनबत्ती पनि बल्न शुरु गर्नेछ । यो प्रकृतिको एउटा कानुन हो । यदि तपाईं बलिरहनुभएको मैनबत्ती बन्नुभयो भने तपाईंका सामुमा आउने निभेका दियाहरू पनि बल्न थाल्नेछन् । मानिसहरू के सोच्छन् भने, 'यति धेरै मानिसहरूलाई शान्ति दिने कुरा असम्भव छ । सबैलाई कसरी शान्ति दिन सकिन्छ र !' सबैको कुरा होइन, कुरा हो तपाईंको । अङ्ग्रेजीमा एउटा शब्द छ- प्रिपोन्डेरेन्स ! यदि पचास प्रतिशत मानिसले मात्रै भए पनि शान्तिको अनुभव गरे भने बाँकी पचास प्रतिशतमा पनि त्यसको प्रभाव पर्नेछ ।

तपाईं बिहानदेखि साँझसम्म जे-जे गर्नुहुन्छ, जति समय बितेर गयो, जति दिन, जति घण्टा, जति सेकेन्ड बितेर गयो नि त्यो कहिल्यै पनि फर्केर आउनेछैन । यसकारण हामीले हरेक दिनलाई खेर नफालीकन बचाउनु आवश्यक छ । मानिसहरूले गर्मी मौसममा सुन्तला या मौसमको रस निकाले जसरी अन्तिम थोपोसम्मलाई पनि नछोडीकन मज्जाले निचोर्नुपर्छ । के तपाईं पनि यो दिनको हरेक थोपोलाई निचोर्न सक्नुहुन्छ ? हरेक क्षणभित्र लुकेको रसलाई, यसभित्र निहित शान्तिको एक-एक थोपोलाई निचोर्नुपर्छ । यो अत्यावश्यक छ । यदि आफ्नो जीवनमा यसो गर्न सक्नुभएन भने यो मानिसको शरीर पाउनुको फाइदा नै के भयो र !

मानिसहरू त भन्ने गर्छन्, 'यसको अर्थ के हामीले सारा घर-गृहस्थीलाई त्यागनुपर्छ ?' पर्दैन । घरबार छोड्नु आवश्यक छैन । तपाईंको जीवनमा भएका जिम्मेवारीहरूलाई अझै राम्रोसँग निर्वाह गर्नुहोस् । तथापि, तपाईंमा एउटा अर्को पनि जिम्मेवारी छ । तपाईंभित्र बसेका ती सृष्टिकर्ताको अनुभव गर्ने जिम्मेवारीलाई कहिल्यै नबिर्सनुहोस् ।

यो शरीर माटो हो । एक दिन यो माटोले माटामै मिल्नुपर्नेछ । तथापि, यो माटो हाँसुन्जेल, रोउन्जेल, बोलुन्जेल, नाचुन्जेल, सुनुन्जेलसम्ममा यसले आफ्नो जीवनलाई सफल तुल्याउन सक्छ । यो माटोले आफ्नो जीवनलाई सफल पारेका दिन यो माटो मात्रै रहनेछैन । यो त अमृतै अमृतद्वारा भरिएको एउटा भाँडो हुनेछ । किनभने, उसले आफ्नो जीवनमा त्यस चीजलाई पहिचान गरेको छ । त्यो चीजलाई देखेको छ, त्यो चीजलाई सुनेको छ ।

यो कुरा विश्वास गर्ने विषय नभएर अनुभव गर्ने कुरा हो । यो भनिने कुरा मात्रै होइन । म त 'मलाई ज्ञान चाहियो' भन्ने मानिसहरूलाई ज्ञान पनि दिन्छु । ज्ञान प्राप्त गर्नका लागि श्रद्धा हुनुपर्छ, तिर्खा हुनुपर्छ । यदि मानिसमा जिज्ञासा छैन भने उसले कुनै कुरालाई बुझ्नै सक्दैन । तपाईंभित्र भएको शान्तिलाई खोज्नुहोस् । त्यसलाई खोज्नुहोस् । जहाँ पाइन्छ त्यहीं ठीक छ । यदि अन्त पाइएन भनेचाहिँ मकहाँ आउनुहोस् । शान्तिको अनुभव भित्रबाट हुन्छ । यदि तपाईंलाई त्यस्तो अनुभव चाहिएको छ भने म तपाईंलाई मद्दत गर्न सक्छु । तपाईंको शान्ति तपाईंभित्रै छ । यो कुरालाई बुझ्नुहोस् अनि आफ्नो जीवनमा यसको अनुभव गर्नुहोस् ।

आज पृथ्वीमा अर्बौं मानिस छन् । शान्तिका बारेमा हरेक मानिसका आ-आफ्नै परिभाषाहरू छन् । कसैले शान्ति प्राप्त गर्नका लागि राम्रो जागिरको चाहना राख्दछ । कोही यस संसारमा सबैभन्दा धनी मानिस बन्न चाहन्छ । हरेक मानिसले आ-आफ्नो चाहनालाई पूरा गरेर शान्ति प्राप्त गर्न चाहन्छ । मानिस भन्दछ, 'मलाई शान्ति चाहियो ।' संसार भन्छ, 'तपाईंको परिवार राम्रो छ । तपाईंको जागिर राम्रो छ । तपाईंको घर राम्रो छ । तपाईंका छोराछोरीहरू असल छन् । तपाईंलाई अरू के चाहियो ?' के साँच्चै नै वास्तविक शान्ति यी सबै चीजहरु प्राप्त गरेर सम्भव होला त ?

आजको युगलाई विज्ञानको युग भनिन्छ । यस संसारमा मानिसले आफ्नो सुख-सुविधाका लागि के-के मात्रै गरेको छैन र ! तैपनि आज यो संसारको अवस्था राम्रो छैन । बुद्धिमान मानिसहरूले त यस्ता-यस्ता यन्त्रको आविष्कार गरिसके, जुन पृथ्वीको आकर्षण शक्तिलाई पनि छोडेर अन्तरिक्षमा जान सक्छन् र विभिन्न किसिमका कार्यहरू गर्न सक्छन् । असम्भव लाग्ने कुराहरूलाई पनि सम्भव तुल्याइरहेका हुन्छन् । क्यामेरा, टेलिफोन, नेभिगेसन (जहाजको दिसा नियन्त्रण गर्ने प्रणाली) लगायत अरू थुप्रै आविष्कार गरेका छन् । एक ठाउँबाट अर्को ठाउँसम्म जानलाई मानिसले आफ्ना लागि कस्ता-कस्ता सुविधाहरूको विकास गरेको छ । पृथ्वीमा बसी-बसी हज्जारौं-करोडौं माइल टाढा हेरेर 'आकाशको तारा कति ठूलो छ भनेर भन्न सक्छ ।' जसरी मानिसले ती सबै सुविधाहरू आफ्ना निम्ति सम्भव बनाएको छ त्यसै गरी यो संसारमा शान्तिलाई सम्भव बनाउनका लागि पनि मानिसले नै पाइला चाल्नुपर्छ ।

यस संसारमा सुख-दुख त भइरहन्छ । कसैलाई दु:ख हुन्छ त कतिलाई त्यही दु:खका कारणले खुशी प्राप्त हुन्छ । तर, मानिस यो कुरालाई बुझ्न चाहँदैन । शान्तिसँग रहेर यो जीवनलाई सफल बनाउने जुन मूल लक्ष्य छ त्यही कुरालाई बिर्सन्छ । एकखालको शान्ति त त्यो पनि हो जुन परिस्थितिमा निर्भर रहन्छ । सबै कुरा ठीक भएपछि त्यसको अनुभव हुन्छ । तर, अर्को शान्ति त्यो हो जसमा जुनसुकै परिस्थिति होओस् मानिसले आफूभित्र त्यो शान्तिलाई महसुस गर्न सक्छ । मानिसले संसारमा शान्ति ल्याउनका लागि सम्भव हुन सक्ने हरेक प्रयास गरिरहेको छ, जुन उसले गर्न सक्छ । तर, उसले 'त्यो शान्ति'लाई आफूभन्दा टाढा छैन भन्ने कुराका बारेमा जान्ने कोशिश नै गर्दैन । त्यो त ऊभित्रै छ । त्यही शान्ति पाउन मानिसले विभिन्न किसिमका औजार बनाइरहेको छ । त्यसबाट शान्ति त होइन, क्रान्ति भने अवश्य भैरहेको छ । किनभने, शान्ति त अनुभव गर्ने कुरा हो ।

खुशीको खबर के छ भने, जुन शान्तिको खोजी हामीलाई छ, त्यो हामीबाट टाढा छैन । त्यो हामीभित्रै छ । मानिसले भित्रको शान्तिलाई प्राप्त नगरेसम्म चाहे उसले जतिसुकै कोशिश किन नगरोस्, ऊ व्याकुल र हनेछ । हरेक व्यक्ति-व्यक्तिलाई शान्तिको अनुभव भएपछि मात्रै यो पृथ्वीमा शान्ति सम्भव हुन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# कांग्रेसले 'मिस' गरिरहेको नोना आमाको 'मर्निङ मिटिङ'

✍ डा. शोभाकर पराजुली



झर्खरै दोस्रो जनआन्दोलन सकिएको थियो । देश एउटा ऐतिहासिक परिवर्तनको मोडबाट अघि बढ्दै थियो । दश वर्षको सशस्त्र लडाइँ सकेर नेकपा (माओवादी) राजनीतिको मूलबाटोमा आएको थियो । र त्यसका एउटा मुख्य शूत्रधार नेपाली कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो । त्यही बेला कोइराला निवासको एउटा बत्ती निभ्यो । अर्थात् २०६३ साल माघ १४ गते नोना कोइराला यो धरतीबाट बिदा भएर जानुभयो । त्यो बेला गिरिजाप्रसादले कार्यकर्तासँग भन्नुभएको थियो 'कोइराला निवासको बत्ती निभ्यो ।'

नेपाली कांग्रेस आफैंमा एउटा यस्तो राजनीतिक पार्टी हो, जसले राजनीतिक समावेशीतालाई गर्भदेखि नै बोकिल्यायो । अर्थात् महिला अधिकार वा भनौं प्रतिनिधित्वलाई नेपाली कांग्रेसले आफ्नो स्थापनाकालदेखि नै प्रमुखता दिँदै आएको छ । नेपाली कांग्रेसभित्र त्यस्ता धेरै महिलाहरूले योगदान गरेका छन् तर बिरलैको नाम पार्टी पङ्क्तिमा आउँछ । नयाँ पुस्ताले त कतिपय नामहरू 'गुगल' गर्दा पनि नभेट्ने अवस्था छ । कांग्रेसभित्र आफू जलेर राष्ट्र, राजनीति, जनता, प्रजातन्त्र अनि पार्टी र कार्यकर्ता माझ उज्यालो छरेका त्यस्ता धेरै नारी पात्रमध्ये नोना कोइराला अग्रपङ्क्तिमा हुनुहुन्छ । उहाँलाई समकालीन कांग्रेस नेता, कार्यकर्ताहरूले 'नोना आमा' भनेर पनि चिन्दछन् ।

यद्यपि, नेपाली कांग्रेसभित्र 'दाइ-दिदी' अनि 'भाउजु' कल्चर एउटा परम्परा जस्तै मानिन्छ । तर नोना कोइराला त्यस्तो सम्मानीत नारी पात्र हुनुहुन्छ, जसलाई नेपाली कांग्रेसका आम कार्यकर्ताले 'आमा' भनेर सम्बोधन गर्थे । यसबाट पनि प्रस्ट हुन्छ, उहाँ कोइराला परिवारले मात्रै होइन, सिङ्गो पार्टी जीवनकै एउटा उज्यालो बत्ती हुनुहुन्थ्यो ।

नोना आमाको जन्म १८८५ कात्तिक २४ गते भारतको रामनगरमा भएको थियो । नेपालमा राणाविरुद्ध लडिरहेको कोइराला परिवारका एक स्तम्भ कृष्णप्रसाद कोइराला सारा परिवारसहित भारतमा निर्वासित जीवन बिताइरहनु भएको थियो । भारतमै बसेर कोइराला परिवारले नेपालमा क्रान्ति हाँकिरहेको थियो । त्यो बेला राणाको अत्याचारका बीच पनि केशव कोइराला भने नेपालमै रहनुभएको थियो । त्यो बेला भारतमा पनि अङ्ग्रेज विरोधी आन्दोलन चलिरहेको थियो ।

पञ्चायतको समयमा समेत उहाँले प्रजातन्त्र स्थापना तथा सामाजिक न्यायका लागि साहसिक कार्य गर्नुभयो । उहाँमा सबैलाई मिलाएर अघि बढ्न सक्ने विशिष्ट क्षमता थियो । नोनाको राजनीतिक जीवनको सुरूवात २००३ सालको मजदूर आन्दोलनदेखि भएको हो । त्यतिबेला उनले मजदुर आन्दोलनका घाइतेहरूलाई औषधि उपचार र भोजन व्यवस्थापनको जिम्मा उहाँले नै लिनु भएको थियो । निरकुङ्श राणा शासनविरुद्ध २००७ सालमा कांग्रेसले सञ्चालन गरेको सशस्त्रमुक्ति आन्दोलनमा पनि उहाँले हतियार व्यवस्थापन, सरसफाइ र वितरणको जिम्मेवारी लिनुभएको थियो । यहाँसम्मकी कतिपय हतियार त उहाँले आफ्नो शरीरमा लुकाएर मुक्ति सेनासमक्ष पुऱ्याउने गर्नुभएको आन्दोलनका होमिएका धेरैलाई थाहा छ ।

त्यही क्रममा भारतमा रहनुभएका कृष्णप्रसाद कोइराला उतै जेल पर्नुभयो । त्यही बेला २००० असार २५ गते नोना र केशव कोइरालाबीच विवाह भयो । त्यसपछि उहाँ कोइराला परिवारभित्र एक अभिभावकजस्तै बनेर आफ्नो पारिवारिक, सामाजिक र राजनीतिक अभिभारा निभाइरहनुभयो । सारा परिवार भारतमै निर्वासन भएका बेला नेपालमा परिवारको खेतिपातीदेखि घरबार धान्ने र पार्टी अनि कार्यकर्ता परिचालन र व्यवस्थापनको जिम्मेवारी नोना-केशवकै काँधमा थियो । त्यही बेला २००३ सालमा गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा विराटनगर जुटमिलमा भएको आन्दोलनमा पनि नोना कोइरालको अद्वीतीय भूमिका रह्यो ।

कोइराला परिवार आफैंमा एउटा अलग्गै राजनीतिक र सामाजिक संस्कारले भरिएको परिवार हो । त्यसमा पनि नोना आमा पनि एउटा शिक्षित र राजनीतिक चेतनाले भरिएको परिवारबाटै आउनुभएको थियो । त्यसबाट पनि उहाँमा राजनीतिक र सामाजिक चेतना थियो । यसले गर्दा उहाँलाई राजनीतिक र पारिवारिक व्यवस्थापनमा अझ निपुण हुनुभयो । क्रान्तिकै बेला बिपी कोइरालाले एकपटक केशव र नोना आमालाई सम्बोधन गरेर लेख्नुभएको चिठी अहिले पनि उत्तिकै महत्वपूर्ण छ । बिपीले त्यो चिठीमा केशव र नोनाले घरबार अनि खेतीपाती धानिदिएकै कारण आफूहरूलाई प्रवासमा सजिलो भएको र नेपालमा पनि कार्यकर्ता परिचालनमा बाधा नआएको भन्दै उहाँहरूप्रति आभार व्यक्त गर्नुभएको थियो ।

कोइराला परिवारमा मात्रै नभएर 'नोना आमा' समकालीन राजनीतिक नेता तथा कार्यकर्ताका लागि अभिभावक नै बनेर उभिनुभयो । कोइराला परिवारको राजनीतिक विरासतमा नोना कोइरालाको अभिभावकीय र नेतृत्वदायी भूमिका अनि क्षमता सिङ्गो नेपाली राजनीतिकै लागि प्रेरणाको अजर स्रोत पनि हो ।

कांग्रेसमात्रै कोइराला निवास अनि कोइराला परिवार हरेक राजनीतिक दलका कार्यकर्ताका लागि सधैं खुल्ला हुन्थ्यो । र स्वागतका लागि रातदिन तम्तयार हुन्थ्यो । त्यो सबै नोनाकै योगदान र तत्परताले मात्रै सम्भव थियो । उहाँले कांग्रेस मात्रै होइन, जुनसुकै राजनीतिक दलका कार्यकर्ताका लागि कोइराला निवास सधैं खुल्ला गरिदिनुभयो । यसले गर्दा नेपालमा हरेक राजनीतिक कार्यकर्ताका लागि कोइराला निवास र कोइराला परिवार आफैंमा एक उदार अनि खुल्ला संसार जस्तै भएको थियो । परिवारमा मात्रै नभएर सिङ्गो नेपाली कांग्रेस पार्टी पङ्तिमा उहाँको निर्णायक र अभिभावकीय भूमिका रहन्थ्यो ।

कोइराला परिवारमा हरेक दिन बिहानअर्थात् दिनको पहिलो प्रहरमै हुने बसाई राजनीतिक नै हुन्थ्यो । त्यो भनेको दिनभरिको कार्ययोजना र कार्यदिशा तय गरिन्थ्यो । त्यो सबको चाँजोपाँजो मिलाउने जिम्मेवारी नोनाकै काँधमै थियो । एक प्रकारले परिवारका सदस्यबीच भएको राजनीतिक जिम्मेवारीको बाँडफाँटमा उहाँले यसरी महत्वपूर्ण भूमिका पाउनुभएको थियो । त्यसलाई अन्तिम समयसम्म उत्तिकै सफलताका साथ निर्वाह गर्नुभयो ।

नोना आमाको त्यो 'मर्निङ मिटिङ'लाई गिरिजाप्रसाद कोइराला हुँदै सुशील कोइरालासम्मले अन्तिम समयसम्मै निरन्तरता दिनुभयो । 'मर्निङ मिटिङ' एक प्रकारले कोइराला परिवारभित्रको आफ्नै मौलिक राजनीतिक संस्कार बनिसकेको थियो । त्यसले सिङ्गो पार्टीलाई नै ऊर्जाशील बनाउँथ्यो । अब कोइराला परिवारको राजनीतिक विरासत थाम्ने जिम्मेवारी डा शेखर कोइरालाको काँधमा छ । डा शेखर केशव-नोनाका कान्छा छोरा हुनुहुन्छ । यो बेला नेपाली कांग्रेसलाई पुनर्जीवन दिनका लागि फेरि एकपटक आम कार्यकर्ताको आशा र भरोसको केन्द्र कोइराला परिवार हुन पुगेको छ ।

हरेक व्यक्तिको निजी जीवनमा 'आमा' नै पहिलो पाठशाला हुन्छिन् । नोना कोइराला मात्रै एक गृहणीका रुपमा समित रहनुभएन । उहाँले त तत्कालीन सिङ्गो राजनीति र प्रजातन्त्रको लडाईंमा होमिएका आम नेपालीलाई आफ्नै सन्तान जसरी ममता र अभिभावकत्वको छहारीमा राख्नुभयो । उहाँले सिकाएर जानु भएको बाटोमा अब डा शेखरका पाइलाहरू अगाडि बढ्न सके र त्यसलाई निरन्तरता दिन सके नेपाली कांग्रेसको त्यो राजनीतिक संस्कारको निरन्तरता आगामी पुस्ताका लागि पनि प्रेरणाको स्रोत हुनसक्छ ।

उहाँले गरिब, विपन्न एवं पछाडि परेका नागरिकलाई स्वास्थ्य एवं शिक्षा क्षेत्रमा महत्वपूर्ण सहयोग उपलब्ध गराउनुभएको थियो । राजनीतिमा ३३ प्रतिशत महिलाको स्थान रहनुपर्ने माग उहाँले नै उठान गर्नुभएको थियो । जसको परिणाम आज नेपाली महिलाहरूले राजनीति या सामाजिक क्षेत्रमा जुन अवसर प्राप्त गरेका छन् त्यसको मुख्य श्रेय उहाँलाई नै जान्छ । प्रजातन्त्र स्थापनाका लागि महिलालाई जागृत र गोलबद्ध बनाउने कार्यमा उहाँको भूमिका अविस्मरणीय छ । प्रजातन्त्र प्राप्तिपछि उहाँसमेतको अगुवाइमा विराटनगरमा नारी जागृति नामक संस्थाको स्थापना भयो । यही संस्थाबाट नारीहरूलाई पढ्न लेख्न र सामाजिक रुपले अगाडि बढाउने अभियानमा उहाँले धेरै काम गर्नुभएको थियो । आज त्यो संस्था आदर्श बालिका विद्यालयमा परिणत भएको छ ।

*(साभार: रातोपाटी)*

# सरकारको आन्तरिक ऋण ब्याजदर ४ वर्षकै न्यून

काठमाडौं/बैंकिङ प्रणालीमा अधिक तरलता हुँदा सरकारले उठाउने आन्तरिक ऋणको ब्याजदर चार वर्षयताकै सस्तो भएको छ । आर्थिक वर्ष २०७९/८० मा करिब ११ प्रतिशतसम्म ब्याजदरमा विकास ऋणपत्र बोलकबोल भएकोमा चालु आव ४ प्रतिशतभन्दा तलको ब्याजदरमा समेत विकास ऋणपत्र बोलकबोल भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांकले देखाउँछ ।



बैंकिङ प्रणालीमा अधिक तरलता भएर नेपाल राष्ट्र बैंकले स्थायी निक्षेप सुविधा र निक्षेप संकलन उपकरण बोलकबोल मार्फत निरन्तर तरलता खिचिरहेको छ । अधिक तरलता भएर ब्याजदर घट्दा आन्तरिक ऋणको लागत समेत कम हुने भए पनि सरकारले आव सुरुवातबाट नै धमाधम आन्तरिक ऋण उठाइरहेको छ ।

साउनमा नै आन्तरिक ऋण बोलकबोल तालिका स्वीकृत गराएर सोही अनुसार आन्तरिक ऋण परिचालन भइरहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका प्रमुख अमृत लम्साल बताउँछन् । सरकारले चालु आव ३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । जसमध्ये २३ कात्तिकसम्म आउँदा १ खर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन भइसकेको उक्त तथ्यांकले देखाउँछ ।

तथ्यांक अनुसार प्रथम चौमास नसकिँदै सरकारले वार्षिक लक्ष्यको एक तिहाइभन्दा धेरै आन्तरिक ऋण परिचालन गरिसकेको छ । सरकारले आन्तरिक ऋण परिचालन गर्न विभिन्न औजार प्रयोग गर्ने गर्छ । नेपाल सरकारले आन्तरिक ऋण परिचालन गर्न जारी गर्ने औजारलाई सरकारी ऋणपत्र भन्ने गरिन्छ । सरकारी ऋणपत्र बजारयोग्य उपकरण हो । जसमा लगानीकर्ताले ऋणपत्र जारी गर्ने संस्थाबाट निश्चित ब्याज प्राप्त हुने गरी लगानी गर्दछन् । देश विकासका लागि सरकारी खर्च गर्न आवश्यक साधन जुटाउन सरकारले विभिन्न किसिमको ऋणपत्र जारी गर्ने गर्दछ ।

विगतमा नेपाल राष्ट्र बैंकले सरकारको बैंकका रूपमा सार्वजनिक ऋण व्यवस्थापन गर्दै आए पनि हाल अर्थ मन्त्रालय अन्तर्गत सार्वजनिक ऋण व्यवस्थापन कार्यालय खडा गरी सोही कार्यालयले सार्वजनिक ऋण व्यवस्थापन गर्दै आएको छ ।

कार्यालयले सार्वजनिक ऋण परिचालनका लागि जारी गर्ने सरकारी ऋणपत्र मुख्यतया ट्रेजरी बिल, विकास ऋणपत्र, नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र गरी चार प्रकारका छन् ।

ट्रेजरी बिल एक वर्ष वा एक वर्षन्दा कम अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने अल्पकालीन सरकारी ऋणपत्र हो । ट्रेजरी बिल अवधिका आधारमा २८ दिने, ९१ दिने, १ सय ८२ दिने र ३ सय ६४ दिने गरी चार किसिमका हुन्छन् ।

विकास ऋणपत्र दुई वर्षभन्दा माथि अर्थात् मध्यम तथा दीर्घकालीन अवधिको आन्तरिक ऋण उठाउन प्रयोग गरिने सरकारी ऋणपत्र हो । यसबाहेक पनि नागरिक बचतपत्र र वैदेशिक रोजगार बचतपत्र मार्फत आन्तरिक ऋण परिचालन हुने गरे भए पनि त्यसको हिस्सा नगण्य मात्रै छ ।

वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै रेमिट्यान्स बैंकिङ प्रणालीबाट भित्र्याउन प्रोत्साहित गर्ने र विदेशमा रहेको पूँजी आकर्षित गरी अर्थतन्त्रमा समग्र साधन परिचालन स्तर बढाउने उद्देश्यले २०६६/६७ देखि वैदेशिक रोजगार बचतपत्र निष्कासन गर्न थालिएको थियो । यस्तै नागरिकलाई लगानी र बचतमा प्रोत्साहन गर्ने उद्देश्यले सरकारले हरेक वर्ष आन्तरिक ऋण उठाउँदा नागरिक बचतपत्र पनि निष्कासन गर्ने गर्छ । तर, त्यसमा सार्वसाधारणको आकर्षण नदेखिँदा बैंक तथा वित्तीय संस्थाले लगानी गर्ने गरी विकास ऋणपत्र र ट्रेजरी बिल मात्रै आन्तरिक ऋण परिचालनको भरपर्दो औजार बनेको छ ।

सरकारले अल्पकालीन ऋण परिचालन गर्न ट्रेजरी बिल र दीर्घकालीन ऋण परिचालन गर्न विकास ऋणपत्र प्रयोग गर्दै आएको छ । चालु आव ३ खर्ब ३० अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएकोमा विकास ऋणपत्र मार्फत मात्रै २ खर्ब ९ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ ।

यस्तै ट्रेजरी बिलमार्फत १ खर्ब १५ अर्ब रुपैयाँ आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य लिएको छ । नागरिक बचतपत्र मार्फत ५ अर्ब र वैदेशिक रोजगार बचतपत्र मार्फत १ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य छ । ट्रेजरी बिल सरकारले आवश्यकता अनुसार नवीकरण गर्छ । एक वर्षभन्दा कम अवधिको हुने भएकाले बैंकिङ प्रणालीमा तत्कालीन अवस्थामा रहेको तरलताले ट्रेजरी बिलको ब्याजदर निर्धारण गर्छ ।

विकास ऋणपत्र भने लामो अवधिको आन्तरिक ऋण परिचालन गर्ने औजार भएकाले विकास ऋणपत्रको ब्याजदर उच्च हुँदा त्यसले सरकारी ऋणको लागत समेत दीर्घकालीन रूपमा महँगो गर्न जान्छ । सामान्य अवस्थामा सरकारी ऋणपत्रको औसत ब्याजदर ५ देखि ६ प्रतिशत रहने गरेको विगतको तथ्यांकले देखाउँछ । तर, नेपालको बैंकिङ प्रणालीमा तरलता र ब्याजदरमा हुने तीव्र उतारचढाव प्रभाव आन्तरिक ऋणमा पनि लाग्ने गरेको छ ।

कोभिडका बेला लकडाउन भएपछि केही समय कर्जा लगानी हुन नसक्दा निक्षेपको ब्याजदर पनि घट्दै गयो । सोही कारण कोभिडपछि २०७७/७८ को २० माघ २०७७ मा बोलकबोल भएको विकास ऋणपत्रको ब्याजदर ३.८८ प्रतिशतसम्म झर्‍यो । तर, त्यसपछि २०७८/७९ र २०७९/८० मा बैंकिङ प्रणालीमा तरलता अभाव हुँदा विकास ऋणपत्रको ब्याजदर पनि माथि पुग्यो ।

२०७६/७७ मा विकास ऋणपत्रको औसत ब्याजदर ६.७७ प्रतिशत रहेकोमा २०७७/७८ मा घटेर ४.३३ प्रतिशतमा झर्‍यो । २०७८/७९ बाट पुन: बढ्न सुरु भयो । उक्त वर्ष औसतमा ७.७४ प्रतिशत पुगेकोमा २०७९/८० मा विकास ऋणपत्रको औसत ब्याजदर नै ८.६४ प्रतिशत पुग्यो । ६ पुस २०७९ मा भएको विकास ऋणपत्रको बोलकबोलमा १०.९३ प्रतिशत ब्याजदर कायम भएको थियो ।

बैंकिङ प्रणालीमा तरलता सहज हुँदै जाँदा २०८०/८१ मा विकास ऋणपत्रको ब्याजदर पुन घट्दै गएर ६.५४ प्रतिशत कायम भयो । चालु आव विकास ऋणपत्रको ब्याजदर नीतिगत दरभन्दा तल आएको छ । राष्ट्र बैंकले चालु आवको मौद्रिक नीतिमा नीतिगत ब्याजदर ५ प्रतिशत कायम गरेको छ । तर, विकास ऋणपत्रको ब्याजदर भने औसत ४.७१ प्रतिशतमा झरेको छ ।

२६ भदौमा ३.९५ प्रतिशत ब्याजदरमा नै विकास ऋणपत्र बोलकबोल भएको थियो । पछिल्लो पटक ८ कात्तिकमा बोलकबोल भएको विकास ऋणपत्रको ब्याजदर ४.२७ प्रतिशत कायम भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयल जनाएको छ । चालु आव प्रथम त्रैमासमा बैंकिङ प्रणालीमा अधिक तरलता भएको अवस्थामा बढी आन्तरिक ऋण परिचालन गर्ने सोच अनुसार पहिलो त्रैमासमा मात्रै १ खर्ब १५ अर्ब आन्तरिक ऋण परिचालन भएको लम्सालले बताए ।

बैंकिङ प्रणालीमा भएको अधिक तरलता उपयोग गर्ने सोचले आन्तरिक ऋण बोलकबोल तालिका स्वीकृत भएको हुन सक्ने उनको भनाइ छ । ब्याजदरका कारण सरकारले सार्वजनिक ऋणको ब्याज भुक्तानी गर्दा लाग्ने बजेट समेत घट्ने लम्साल बताउँछन् । गत वर्ष विनिमय दरका कारण विदेशी ऋण लागतमा केही बचत भए पनि यसपालि ब्याजदर घट्दा आन्तरिक ऋण लागत घट्ने अवस्था आएको उनले बताए ।

सरकारले चालु आव आन्तरिक र वाह्य ऋणको सावाँ र ब्याज भुक्तानीका लागि ४ खर्ब २ अर्ब रुपैयाँ विनियोजन गरेको छ । जसमध्ये आन्तरिक ऋणको सावाँ र ब्याज भुक्तानीका लागि २ खर्ब ७५ अर्ब ७९ करोड विनियोजन गरेको छ । आन्तरिक ऋणको सावाँ मात्रै १ खर्ब ८२ अर्ब ५५ करोड ७४ लाख भुक्तानी गर्नुपर्ने छ । जसमध्ये असोज मसान्तसम्म ५९ करोड ४० लाख भुक्तानी भएको कार्यालयको तथ्यांक छ ।

यस्तै ब्याज भुक्तानीका लागि ९३ अर्ब २३ करोड ३० लाख बजेट छ । जसमध्ये असोज मसान्तसम्म ११ करोड ८५ लाख ४६ हजार भुक्तानी भएको छ । चालु आव ब्याजदर घट्दा आन्तरिक ऋणको ब्याज भुक्तानीमा उक्त बजेट खर्च नहुने लम्साल बताउँछन् ।

'मंसिरसम्म ब्याजदर बढ्ने अवस्था देखिँदैन। त्यसपछि ब्याजदर केही वृद्धि भए पनि आर्थिक वर्षको अन्तिममा निक्षेप वृद्धिसँगै पुन: तरलता बढेर ब्याजदर तल आउँछ,' उनले भने, 'यसले आन्तरिक ऋणको लागत कम हुन्छ । ब्याज भुक्तानीमा विनियोजन भएको बजेट खर्च नहुन सक्छ । गत आव वाह्य ऋणमा विनिमय दरका कारण केही फाइदा भएकोमा यो वर्ष विनिमय दर बढ्न लागेकाले त्यसको दबाब वाह्य ऋणको सावाँ-ब्याज भुक्तानीमा पर्न सक्ने देखिन्छ ।'

चालु आव लागेपछि सरकारले सवा खर्ब आन्तरिक ऋण परिचालन गर्दा पनि बैंकिङ प्रणालीमा करिब ३ खर्ब अधिक तरलता छ । राष्ट्र बैंकको २३ कात्तिकको तथ्यांक अनुसार बैंकिङ प्रणालीमा अधिक तरलता भएपछि निक्षेप संकलन उपकरणमा १ खर्ब र स्थायी निक्षेप सुविधामा १ खर्ब ८५ अर्ब १५ करोड लगानी गरेका छन् ।

बैंकहरूले अधिक तरलता भए पनि ३ प्रतिशत वा त्यसभन्दा कम लागतमा राष्ट्र बैंकमा कुल २ खर्ब ८५ अर्ब १५ करोड तरलता राखेको २३ कात्तिकको तथ्यांकले देखाउँछ । कर्जा माग सुस्त रहेको, तर उच्च दरमा रेमिट्यान्स वृद्धि भएर निक्षेप लगातार बढ्दा तत्काल ब्याजदर बढ्न अवस्था छैन । यस्तोमा चालु आव आन्तरिक ऋणको लागत तत्काल बढ्ने अवस्था छैन ।

*(स्रोत: अनलाइनखबर)*

# हलिउड फिल्म 'फ्र्याक्चर'मा आर्यन, नेपालमा गरियो ७० प्रतिशत छायांकन

काठमाडौं/अभिनेता आर्यन सिग्देलले पहिलोपटक हलिउड फिल्ममा काम गरेका छन् । अमेरिकी निर्देशक तथा छायाँकार रायन ट्राभिसको निर्देशनमा तयार भएको फिल्म 'फ्र्याक्चर'बाट उनले हलिउडमा डेब्यु गरेका हुन् । पूर्ण रूपमा अंग्रेजी भाषामा तयार भएको फिल्ममा आर्यनसँगै हलिउड अभिनेता ट्रेन्टन रोस्टेड्ट पनि मुख्य भूमिका छन् । उनले 'हलिउड किल्स', 'अन्डर द वेस्टर्न सन', 'सिरोनिया', 'द रेड' जस्ता फिल्ममा काम गरेका छन् ।



फिल्मको निर्माणमा 'पूजार सार्की'का निर्माता सुवास भुसालको कम्पनी किङ्डम नेटवर्कले सहकार्य गरेको छ । फिल्मको ७० प्रतिशत छायांकन नेपालमा गरिएको छ । काठमाडौं, ललितपुर, भक्तपुर, पनौती, लुक्ला तथा सगरमाथा बेस क्याम्पसम्म छायांकन गरिएको फिल्ममा नेपाली कलाकारहरु बुद्धि तामाङ, आशिष पुरुष, अनिता पण्डित, गुणराज श्रेष्ठ लगायतको पनि अभिनय छ ।

फिल्मको कथा अमेरिकी सैनिक ज्याक स्टेन्टन पात्रको वरिपरि घुम्छ, जसले आफ्नो नेपालमा हराएको साथीलाई बचाउनका लागि सगरमाथा क्षेत्रको खतरनाक यात्रा गर्छ । फिल्ममा मानवीय साहस र संघर्षलाई उतारिएको निर्देशक ट्राभिसले जनाएका छन् । उनले यसअघि हलिउड फिल्म 'गेम थेरापी' निर्देशन गरेका थिए । उनले एमी पुरस्कार समेत जितेका छन् ।

फिल्मको विश्वव्यापी रिलिजलाई लिएर अहिले छलफल भइरहेको निर्माता भुसालले बताए । यसमा नेपालबाट मनोज जोशीले प्रोडक्सन कन्ट्रोलरको रुपमा काम गरेका छन् भने विकास सुवेदी लाइन प्रोड्युसर हुन् ।

क्रिस बेरुटीको लेखन रहेको फिल्ममा क्रिससहित गरेट म्याडिसन र एन्ड्र्यू ह्युज निर्मातामा छन् । नेपाल छायांकन पूरा गरेर फिल्मको टिम अमेरिका फर्किसकेको छ ।

# हलमा 'पूर्णबहादुरको सारंगी'चलिरहँदा प्रकाश सपुतले किन माफी मागे ?

काठमाडौं/'पूर्णबहादुरको सारंगी' रिलिजअघि कलाकार प्रकाश सपुत फिल्मको प्रबर्द्धनमा देखिएनन् । यसो हुनुमा आफू निर्देशित 'वसन्त'लाई यसअघि नै रिलिज गर्नुपर्छ भन्ने शर्त थियो भन्ने चर्चा छ ।



यो चर्चा निकै चुलिएपछि २ कात्तिकको बेलुका एक फेसबुक स्टाटस लेख्दै सपुतले खण्डन प्रयत्न गरे । 'अन्तिम स्पष्टीकरण' भन्दै उनले भइरहेका विवादलाई प्रकाश पार्ने प्रयास गरेका थिए ।

उनले लेखेका थिए, 'पर्दामा यस्तो सपना, संघर्ष र ईमानको कथा बनाएर बाहिर चाहिं अरुको सपना, संघर्ष र ईमानमाथि बेइमानी र बदनामी गर्नेहरूसँग चाहिं फेरि जोडिन नपरोस् । कम्तिमा मर्यादित बनौं । अर्को कुरा, सिर्जना दर्शकको शुभेच्छा र स्वयं सिर्जनाको दमले चल्छ ! सर्जक, निर्माता वा कलाकारको दम्भले होइन । म यो कुरामा सधैं स्पष्ट छु ।'

अचानक फिल्म प्रदर्शन हुने भएपछि आफू सरप्राइज रहेको उल्लेख गर्दै उनले उक्त स्टाटसमा अघि लेखेका थिए, 'टिम वर्कमा एउटा मान्छे बेइमानीमा पर्दा उसँग जोडिएका अरु थुप्रै मानिसलाई धोका हुन्छ । मैले पूर्णबहादुरको सारंगीका लागि कुनै शर्त राखेको थिइनँ । मैले त उहाँहरूलाई आफ्नो समस्या राखेको थिएँ र सोच्ने समय दिएको थिएँ । सोचेरै सम्झौतामा स्पस्ट लेखिएको पनि छ !' सपुतको उक्त स्टाटसको केही मिनेटमै फिल्मको निर्माताामध्येका एकले प्रतिक्रिया दिएका थिए ।

शनिबार बेलुका सपुतको नयाँ स्टाटस आएको छ जसमा उनले 'सकारात्मक महसुस' गरिरहेको लेखेका छन् । 'जानी नजानी मन दु:खाएको' भन्दै उनले माफी मागेका छन् । उनी लेख्छन्, 'जानी नजानी मन दुखाएकोमा माफी चाहन्छु । कमजोरीहरु सुधार्दै जाउँला । अब त उमेरले पनि अलि पाको हुँदै गइयो । सस्तो चर्चा, परिचर्चा, सफलता, व्यवस्तताभन्दा पनि एउटा राम्रो विचार र व्यवहार सहितको व्यक्ति बन्न चाहन्छु । यसरी खबरदारी चाहिं गर्दै गर्नुस् तर राम्रो ऊर्जा पनि दिनुस् न है । म कलामार्फत थुप्रै कुरा भन्न सक्छु, समाजलाई सुसूचित र राज्यलाई प्रश्न गर्न सक्छु । तपाईहरूलाई निरन्तर मनोरन्जन गर्न सक्छु ! यति आत्मविश्वास छ ।'

सपुतको यो पछिल्लो स्टाटस यसअघिकै अभिव्यक्तिकै प्रतिक्रियास्वरूप आएको अनुमान गरिएको छ । यसमा उनले लेखेका छन्, 'एउटा स्वाभिमान सबैमा हुनुपर्छ । त्यो ममा पनि छ । तपाईहरूमा पनि होला । सम्झौताअनुसार नभएपछि मैले केही समय आफ्नो अडान लिएकै हो तर कहिलेकाँहीं स्वाभिमानी भन्दा बढी व्यवहारिक भएर सोच्नु पर्नेरैछ ।' 'पूर्णबहादुरको सारंगी'मा सपुतले पनि अभिनय गरेका छन् ।

# गुड्दा गुड्दै गाडीमा किन लाग्दैछ आगो ?

काठमाडौं/सल्यानमा गत १४ कात्तिकमा गुडिरहेको गाडीमा आफैं आगो लाग्यो । गाडी जलेर पूर्णरूपमा नष्ट भयो । थारमारे दार्मा जोड्ने सडक खण्ड अन्तर्गत बागचौर नगरपालिका-१ चारखोला नजिकै गुडिरहेको गाडीमा आगो लागेको हो । २९ यात्रु सवार भे. १ ख ३७५० नम्बरको उक्त गाडी बाँके नेपालगञ्जबाट रुकुम पश्चिम चौफातर्फ जाँदै गर्दा आगलागी भएको थियो । आगलागीबाट सबै यात्रुले ज्यान जोगाउन सफल भए ।

त्यसको केही दिनअघि ३ कात्तिकमा ललितपुर सातदोबाटोमा गुडिरहेको बसमा आगलागी भयो । चक्रपथमा चल्ने बा. ४ ख १०६ नम्बरको महानगर यातायातको बसमा आगलागी भएको थियो । चालकका अनुसार इन्जिनमा एक्कासि आगलागी भएको थियो । बसमा धुवाँ देखिने बित्तिकै यात्रुहरू झरेका थिए ।

त्यस्तै १३ साउनमा दाङमा गुडिरहेको ट्रकमा आफैं आगो सल्किएपछि जलेर नष्ट भयो । पूर्वपश्चिम राजमार्ग अन्तर्गत महेन्द्रनगरबाट दाङ लमही आउँदै गरेको सुपप्र ०१-००१ ख ३३३७ नम्बरको गुडिरहेको ट्रकमा आफैं आगलागी भएको थियो ।

लमही नगरपालिका चाउखोला नजिक जंगल क्षेत्रमा गुडिरहेका बेला ट्रकमा एक्कासि आगलागी भएको थियो । आगलागीबाट ट्रकको इन्जिनको भाग, बम्पडको भाग र ६ वटा टायर पूर्णरूपमा जलेर नष्ट भएको थियो ।

त्यस्तै २० भदौ २०८१ मा मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा गुडिरहेको नेपाली सेनाको बा १ ग ३४३६ नम्बरको ट्रकमा आगलागी भयो । ट्रक ७ नम्बर बाहिनी चनवनबाट तालिमका लागि रेकी गर्न सिमभञ्ज्याङतर्फ जाँदै थियो । सापट भाँचिएपछि सडक किनारा लगाउने क्रममा ट्रकमा अचानक आगो लागेको थियो ।

त्यसैगरी २६ फागुन २०८१ मा कैलाली चिसापानीस्थित कर्णाली पुलमा गुडिरहेको ट्रकमाथि आगलागी भएको थियो । पश्चिमतर्फ आइरहेको एक ट्रकमा आगलागी भएको थियो । ट्रकबाट आगो पुलमा समेत सल्किएको थियो । यी त पछिल्ला समय भइरहेका केही घटनाका उदाहरण हुन् । अघिल्ला वर्ष पनि यस्तै घटना भएका थिए ।

२३ वैशाख २०७९ मा काठमाडौं अनामनगरमा गुडिरहेको बसमा एक्कासि आगलागी भएको थियो । बा. ५ ख ११७५ नम्बरको बसको एक भागमा एक्कासि आगो लागेपछि गाडीभित्रका यात्रु बाहिर भागेका थिए । त्यस्तै ११ चैत २०७८ मा कालीकोटबाट काठमाडौंका लागि छुटेको ना. ८ ख २३५६ नम्बरको यात्रुवाहक बसमा आगलागी हुँदा पूर्णरूपले नष्ट भएको थियो । ३० भन्दा बढी यात्रु बोकेको उक्त बस गुड्दागुड्दै आगलागी भएको थियो ।

नेपालमा गुडिरहेको गाडीमा आगलागी हुने क्रम बढिर हँदा सरकारी निकाय, यातायात व्यवसायी, अटो मोबाइल एसोसिएसन लगायत सरोकारवाला मौन देखिन्छन् ।

**उत्पादनमा समस्या होइन, मानवीय त्रुटि : नाडा**

गाडी व्यवसायीहरूको छाता संगठन नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालले भने पछिल्लो समय तीव्र गतिमा सवारी साधनमा एक्कासि आगालागी हुनुमा मानवीय त्रुटि धेरै भएको जनाउँछ । नेपालमा भएका घटनामा गाडी उत्पादक कम्पनीहरूको दोष नरहेको नाडाका कोषाध्यक्ष तथा हेभी इक्विपमेन्ट र कन्स्ट्रक्सन समिति संयोजक मिलनबाबु मल्लले बताए ।

'अहिले आइरहेको अधिकांश केशमा गाडी चालकहरू, ग्यारेजहरूमा जनचेतनाको अभाव देखिन्छ । गुडिरहेको बसदेखि रोकिराखेका ईभीमा भइरहेको पनि यही हो,' उनले भने । मल्लका अनुसार ग्यारेजहरूले गाडी मर्मत गर्दा जथाभावी कच्चा तार राखिदिने, डिजेल, मोबिल राम्ररी सफा नगरिदिने, गाडी धेरै हिट भइन्जेल चलाउने जस्ता कारण देखिएका छन् ।

# सरकारलाई अन्तर्राष्ट्रिय परिस्थिति सहज बन्दै गएको प्रधानमन्त्रीको ब्रिफिङ

काठमाडौं/प्रधानमन्त्री केपी शर्मा ओलीलेसरकार सञ्चालनमा परिस्थिति थप सहज बन्दै गएको बताएका छन् । केन्द्रीय मूख्यालय च्यासलमा शनिबार बसेको ४० औं सचिवालय बैठकमा प्रधानमन्त्री ओलीले सत्ता साझेदार नेपाली कांग्रेससँगको समन्वय ठीक तरिकाले हुँदा सरकार सञ्चालन सहज बनेको ब्रिफिङ गरेका हुन् ।

'समन्वय राम्रो भइरहेको छ । अझ राम्रो परिस्थिति बनाउन कांग्रेस र हाम्रो संयन्त्र बनाएका हौं', प्रधानमन्त्रीको भनाइ उधृत गर्दै एक नेताले भने । कांग्रेस र एमाले नेताहरु सम्मिलित राजनीतिक संयन्त्रले सरकार सञ्चालनमा सहजीकरण गर्ने प्रधानमन्त्री एवं अध्यक्ष ओलीले बताएका छन् । 'कांग्रेससँग मिलेर बनेको सरकारले काम गर्ने परिस्थिति सहज बनिरहेको छ । हामी मुलुकको हितमा काम गरिरहेका छौं', ओलीले बैठकमा भनेका थिए । सरकार सञ्चालनमा अप्ठ्यारो अवस्था आउने वातावरण बनाउन नहुने पनि ओलीले बताएका छन् ।

अन्तर्राष्ट्रिय परिस्थिति पनि अनुकुल बन्दै गएको प्रधानमन्त्री ओलीले बताएका छन् । 'चिन्ता गर्नुपर्ने केही छैन, अन्तर्राष्ट्रिय परिस्थिति समेत अनुकुल बन्दै गएको छ', प्रधानमन्त्रीले भने । प्रधानमन्त्री ओलीले आगामी १७ मंसिरदेखि हुने चार दिने चीन भ्रमणबारे पनि संक्षेपमा जानकारी गराएका थिए । उपमहासचिव प्रदीपकुमार ज्ञवालीका अनुसार यो भ्रमणमा चीनसँग यसअघि भएका सम्झौता कार्यान्वयनमै जोड दिइनेछ । 'यसपटक छोटो भ्रमण हुन्छ । चिनियाँ राष्ट्रपति नेपाल आउँदा भएका समझदारी र नेपालका राष्ट्रपति र प्रधानमन्त्रीहरूले गरेको भ्रमणमा भएको समझदारी कार्यान्वयनमा जोड दिइनेछ', बैठकपछि ज्ञवालीले भनेका छन् ।

बैठकमा ओलीले आफ्नो पहिलो भ्रमण चीनबाट हुँदा अर्को छिमेकी भारतसँग सम्बन्ध ठीक नरहेको बुझ्न नहुने तर्क गरेका थिए । 'नाकाबन्दीका बेला हामीले अलिक अडान लियौं । भारत रिसायो, खासमा त्यसबेला पनि रिसाउनुपर्ने कारण थिएन', ओलीले भने, 'यो सरकार सन्तुलित परराष्ट्र सम्बन्धका आधारमा अगाडि बढ्छ ।'

प्रधानमन्त्री ओली चीन भ्रमणमा निस्कनुअघि पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल नेतृत्वको टोलीले भ्रमण गर्ने जानकारी पनि दिइएको छ । 'चिनियाँ कम्युनिष्ट पार्टीकै निमन्त्रणमा २६ कात्तिकदेखि १० दिनसम्म ईश्वर कमरेडको नेतृत्व टोलीले चीन भ्रमण गर्नु हुने भएको छ' बैठकमा सहभागी एक पदाधिकारीले भने, 'प्रधानमन्त्रीले यो दुईवटा भ्रमणले सम्बन्ध विकासमै सहयोग पुग्ने बताउनुभउको छ ।'

# हरिवंश र प्रकाशसँग 'हरिबहादुरको जुत्ता' गर्दै स्वस्तिमा

काठमाडौं/दुई दशक अघिको चर्चित सिरियल 'मदनबहादुर-हरिबहादुर'मा अभिनेता हरिवंश आचार्यले निर्वाह गरेको हरिबहादुरको चरित्रमा आधारित भएर बन्न लागेको फिल्म 'हरिबहादुरको जुत्ता'मा कलाकारको 'लाइनअप' बलियो बनेको छ । यसमा हरिवंश स्वयं शीर्ष भूमिकामा देखिँदैछन् भने गायक प्रकाश सपूतको पनि अभिनय रहनेछ । अब मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्का भित्रिएकी छन् ।



शुक्रबार निर्माता सरोज ओलीले स्वस्तिमासँग कागजी सम्झौता गरेका हुन् । उनलाई निर्देशक दीपेन्द्र के. खनालले स्क्रिप्ट पनि हस्तान्तरण गरे । निर्देशक खनालसँग स्वस्तिमाको यो तेस्रो सहकार्य हुनेछ । यसअघि उनीहरु बीच 'लभ लभ लभ' र 'चिसो मान्छे' गरी दुई फिल्ममा सहकार्य भएको थियो । 'चिसो मान्छे'मा स्वस्तिमाको अभिनय यादगार मानिन्छ ।

हरिवंशसँग स्वस्तिमाले पहिलोपटक फिल्ममा काम गर्न लागेकी हुन् । यसअघि म्यूजिक भिडियो 'कर्कलो कोक्याउला'मा भने उनीहरुको सहकार्य भइसकेको छ । त्यस्तै, प्रकाशसँग स्वस्तिमाको फिल्ममा यो दोस्रो सहकार्य हुनेछ । यतिबेला उनी प्रकाशकै अभिनय तथा निर्देशनमा बनिरहेको फिल्म 'वसन्त'को छायांकनमा व्यस्त छिन् ।

फिल्ममा पटकथा तथा संवाद हरिवंश आचार्य स्वयंको छ । केही समयअघि फिल्मको घोषणा गर्दै उनले भनेका थिए, 'मेरो मनमा एउटा 'कन्सेप्ट' फुरिरहेको थियो । सरोज ओली भाईलाई सुनाएपछि यसमा म आफैं फिल्म बनाउँछु भनेर उहाँ हौसिनुभयो । त्यसपछि फिल्मको लिड रोलमा पनि मलाई नै अनुबन्धित गर्नुभयो । 'आइडिया' युनिक छ, फिल्म राम्रो बन्छ भन्नेमा म विश्वस्त छु ।'

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# चित्लाङ विश्वविद्यालय सम्पन्न गर्न चीनसँग सहयोग मागिने



साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ आध खर्ब लागत अनुमान भएको चितलाङस्थित मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणका लागि चिनियाँ सहयोग मागिने भएको छ ।

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणका क्रममा मकवानपुरको चितलाङमा निर्माणाधीन विश्वविद्यालय निर्माण सहयोगका लागि छलफल हुने सम्भावना छ । चीन सरकारको निमन्त्रणामा प्रधानमन्त्री ओली डिसेम्बर २ मा चीन भ्रमणमा जाँदैछन् । भ्रमण निश्चित भएसँगै चिनियाँ राष्ट्रपतिलगायत प्रतिनिधि मण्डलसँगको भेटमा नेपालको तर्फबाट राखिने एजेन्डाको तयारीमा सरकार लागिपरेको छ । जसमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणको विषय पनि छलफलको एजेन्डा हुने निश्चित भएको स्रोतले बताएको छ ।

मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणका लागि वातावरणीय प्रभाव मूल्यांकन रिपोर्ट सार्वजनिक भइसकेको छ । यो विश्वविद्यालय आयोजनाको निर्माण लागत ३७६ मिलियन डलर अर्थात् ४९ अर्ब २५ करोड ६० लाख रुपैयाँ हुने अनुमान गरिएको छ । यो विश्वविद्यालय एक अनुसन्धानमुखी विश्वविद्यालयका रुपमा स्थापना गरिएको हो । नयाँ ज्ञान र प्रविधि सिर्जना र अनुसन्धानको माध्यमबाट नयाँ ज्ञान र प्रविधि विकास गर्न सक्षम जनशक्ति उत्पादन गरी अर्थतन्त्र विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्यसहित विश्वविद्यालय विकास गर्ने लक्ष्य रहेको छ ।

सरकारले सन् २०१९ अप्रिल २३ मा चितलाङमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि तयारी गर्न विभिन्न गतिविधिहरु सञ्चालन गर्ने उद्देश्यका साथ मदन भण्डारी विश्वविद्यालय पूर्वाधार समिति गठन गरेको थियो । प्रस्तावित आयोजनालाई ४१.२९ हेक्टर वनको जग्गा आवश्यक पर्नेछ । विश्वविद्यालय निर्माणका लागि वन फडानी नहुने जनाइएको छ । विश्वविद्यालयको भवन निर्माण क्षेत्र २ लाख २३ हजार वर्गमिटर रहेको छ । यो विश्वविद्यालय थाहा नगरपालिकाको चित्लाङमा रहने छ । भवनमा २ सयभन्दा बढी कोठा हुने छन् ।

काठमाडौंबाट २५ किलोमिटर चन्द्रागिरि हुँदै यहाँ पुग्न सकिन्छ । विश्वविद्यालयको भवन आरसीसी बन्ने छ । वार्षिक ४ हजार विद्यार्थीले यहाँ अध्ययन गर्न सक्नेछन् । आयोजनाका मुख्य विशेषतामा शैक्षिक भवन, कम्युनल भवन, छात्रावास, ६ सय कर्मचारीका लागि आवास, ४० कोठा भएको गेष्टहाउस, २५ शैयाको अस्पताल, विद्यालय, सडक, खानेपानी आपूर्ति र ढलनिकास, बिजुलीआपूर्तिका लागि सौर्य प्यानल, विद्युत र सञ्चार सञ्जाल रहेको छ ।

आयोजनाका लागि कुल ५०.५२ हेक्टर जग्गा आवश्यक पर्नेछ । विश्वविद्यालयले आन्तरिक खपतका लागि ५ सय किलोवाटको सौर्यऊर्जा संचालनमा आइसकेको छ । ६ सय किलोवाटको पम्प स्टोरेज प्लान्टको स्थापना गर्ने कार्यक्रम पनि समावेश भएको छ । चितलाङस्थित स्वच्छन्दभैरव माविको भोगाधिकार रहेको जमिनमा विश्वविद्यालय स्थापना गरिएको हो ।

# जब भुवन बामले कुशलसँग 'पैसा' गीत मागे

*'पैसा तँसँग, पैसा मसँग'*

यो गीत पछिल्लो एक वर्ष हामीले जतातत्तै सुन्यौं । अघिल्लो वर्ष असोज १ गते कुशल पोखरेलको युट्युब च्यानलबाट सार्वजनिक भएको यो गीतले अघिल्लो र यो वर्षका चाडपर्व ततायो । दशैं र तिहारमा यो गीतमा टिकटक, रिल्स र अन्य भिडियो बनाउने ट्रेन्ड चल्यो । नेपालमा मात्रै होइन भारतीय कन्टेन्ट क्रियटरहरुले समेत यो गीतमा रिल्स र भिडियोहरू बनाएका छन् । यो गीत अहिले पनि उत्तिकै चल्तीमा छ ।

केही महिना अगाडि भारतका लोकप्रिय युट्युबर, कमेडियन तथा कलाकार भुवन बामको वेब सिरिज 'ताजा खबर' को सिजन २ मा समेत यो गीत समावेश भएपछि यसको चर्चा अझै अर्को तहमा पुगेको छ । कुशलको आफ्नो च्यानलमा मात्रै यो गीत ५८ मिलियन पटक हेरिएको छ । त्यति मात्रै होइन उनी स्पोटिफाइमा मिलियन मासिक श्रोता हुने पहिलो नेपाली गायकमध्ये एक बने । यो गीत हिट भएयता कुशललाई लाग्छ- सोचेको/चाहेको कुरा पूरा हुने रहेछ ।

विराटनगरमा जन्मे-हुर्केका कुशललाई सानैदेखि सर्पहरू मन पर्थ्यो । स्कुल पढ्दाताका नै उनको सपना थियो सर्प विज्ञान पढ्ने । तर सबै कुरा आफूले सोचेको अनुकूल हुँदैन । विराटनगरमा नै प्लस टु सिध्याएर कुशल अस्ट्रेलिया पुगे । उनकै भाषामा भन्नु पर्दा भाग्यले उनलाई अस्ट्रेलिया पुऱ्याएर फेरि नेपाल नै फर्कायो । नेपाल फर्किएर कला क्षेत्रमै केही गर्छु भन्ने थियो । त्यही मनले उनी आफ्नै थलो फर्के ।

यता नेपालमा उनको फुपूको छोरो जय खतिवडा सानैदेखि अभिनयमा रुचि राख्थे । जयको आफ्नै युट्युब च्यानल थियो । कुशल नेपाल आएपछि उनीहरू मिलेर त्यही च्यानलमा कमेडी भिडियोहरू बनाएर हाल्ने गर्थे । तर एक दिन उनीहरूले त्यो च्यानल डिलिट गरिदिए ।

त्यसपछि कुशलले २०१७ मा आफ्नै च्यानल सुरु गरे । सुरुवाती दिनहरूमा उनले गीत गाएरै १ हजार सब्स्क्राइबर बनाए । त्यसपछि फेरि जयसँग मिलेर एउटा कमेडी भिडियो बनाए । उक्त भिडियोले राम्रो प्रतिक्रिया पायो । त्यसपछि उनीहरूले सबै चिज छाडेर कमेडी भिडियोलाई नै निरन्तरता दिन थाले । त्यसपछि विस्तारै उनीहरूको च्यानलमा सब्स्क्राइबर र काम गर्ने जाँगर पनि बढ्दै गयो । उनीहरू दुवै मिलेर स्क्रिप्ट तयार पर्थे, अभिनय पनि दुवै जनाले गर्थे, क्यामेरा, भिडियो सम्पादन लगायत अन्य सबै काम कुशलले गर्थे ।

व्यक्तिगत रूपमा उनी आफूलाई कमेडियन मान्दैनन् । कला क्षेत्र उनको रुचिको विषय भए पनि खासमा कमेडी उनको रुचिको विषय समेत थिएन । यो त्यो नभनी, जे जे आउँछ सबै गर्ने भन्ने उनको मान्यता थियो । उनलाई भिडियो सम्पादन पनि निकै मन पर्छ । उनी भन्छन्, 'कहिलेकाहीं सबै चिज छाडेर सम्पादनतिर लागौं कि जस्तो समेत लागिरहन्छ ।' आजकल कुशलको च्यानलमा १ मिलियन भन्दा धेरै सब्स्क्राइबरहरु छन् । उनी अझै कमेडी भिडियोहरू बनाइरहन्छन् । आजकल भने उनले भिडियोमा अभिनय गर्दैनन् । जय र उनका साथीहरू जो फिल्म क्याम्पस पढ्छन्, जसलाई अभिनयमा रुचि र क्षमता समेत छ उनीहरूलाई ठाउँ दिनुपर्छ भन्ने सोचेर उनी लेखन र निर्देशनको पाटो सम्हालिरहेका छन् ।

गीत भने कुशल स्कुल पढ्दादेखि नै लेख्थे । 'पैसा' लेख्नु भन्दा अघि उनले तीन चार वटा गीत लेखे, रेकर्ड भने गरेनन् । कागजमै ती गीत कता हराए । 'पैसा' पनि उनले गीत लेख्छु नै भनेर बसेर लेखेको गीत थिएन । उनीहरूले आफ्नो च्यानलमा हिप-हप रियालिटी शोको प्यारोडी भिडियो बनाएका थिए । त्यो भिडियो बनाउँदा उनीहरू आफूलाई फ्रि छाडिदिन्थे, रमाइलो गर्थे । एक दुई लाइनहरू भन्थे ।

त्यही भिडियो बनाउने क्रममा उनलाई 'पैसा तँसँग, पैसा मसँग' भन्ने लाइनहरू आयो । त्यसपछि खाना खाँदै गर्दा उनले त्यो लाइनलाई केही बनाउन सकिन्छ कि भनेर बिटहरू हेर्दै लेख्न थाले । जसको नतिजामा 'पैसा' गीत बन्यो । त्यसपछि उनले साथीको स्टुडियोमा रेकर्ड गरेर च्यानलमा अपलोड गरे । उनी भन्छन्, 'मैले केही सोचेर लेखेकै होइन । जिस्किंदा जिस्किंदै लेखेको गीत हिट भयो ।' उनलाई लाग्छ, गीत लेख्न या गाउन रुचि नै हुनुपर्दैन । कला र गला सबैसँग हुन्छ । हरेक मान्छेभित्र गीत हुन्छ । प्रयोग गर्न जान्नु पऱ्यो । आफूलाई चिन्नु पऱ्यो ।

**बलिउडमा पैसाको डेब्यु**

कन्सर्टको लागि उनी नेपालबाहिर थिए । उनलाई भारतका चर्चित युट्युबर, कमेडियन तथा कलाकार भुवन बामको टिमबाट फोन आयो । भुवनको सिरिज 'ताजा खबर' पैसासँग सम्बन्धित थियो । त्यसैको दोस्रो सिजनको लागि उनीहरूले कुशलको पैसा गीत मागे ।

पहिलो पटक उनीहरूको त्यस्तो माग सुनेर उनी चिच्याए । 'त्यो पल म व्यक्त गर्न सक्दिनँ । सुरुमा त विश्वास नै लागिरहेको थिएन । कसैले जिस्काएको होला जस्तो लागिरहेको थियो । फेरि उनीहरूले त्यही गीत मागेपछि विश्वास लाग्यो', उनी सम्झिन्छन् ।

उनले कुनै समय बलिउडकै अर्को सिरिज 'फर्जी'को आफ्नो गीत गाउने सपना देखेको थिए । 'फर्जी' शाहिद कपुर र विजय सेतुपति अभिनीत नक्कली पैसासँग सम्बन्धी सिरिज हो । भुवनको कल आउँदा उनलाई आफूले सोचेको भन्दा ठूलो खुसी मिल्यो । 'ताजा खबर'को सिजन २ रिलिज भइसकेको छ । भुवनले कुशललाई भारतमा मिडिया र दर्शकको अगाडि नेपाली गायक जसको गीत निकै हिट छ भनेर परिचित गराएका थिए । कुशलले भारतमा कन्सर्ट समेत गरिसकेका छन् । भारतसँगै उनले दुबई र अस्ट्रेलियामा समेत कन्सर्टमा गीत गाएर आइसके ।

*(स्रोत: अनलाइनखबर)*

# शैक्षिक सुधारमा प्राथमिकता दिइएको छ: वडाध्यक्ष सिग्देल

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नवीन सिग्देलले शैक्षिक सुधारलाई प्राथमिकता दिइएको बताएका छन् ।

नन्दस्थान टोल विकास संस्थाको साधारणसभा उद्घाटन गर्दै वडाध्यक्ष सिग्देलले हेटौंडालाई शैक्षिक केन्द्रको रुपमा विकास गर्न आवश्यक रहेकोले धेरै शैक्षिक संस्था रहेको र धेरै विद्यार्थी यस वडाका शैक्षिक संस्थामा अध्ययन गर्ने भएकोले शैक्षिक गुणस्तर कायम गर्न ४ नं. वडालेबिषेश ध्यान दिएर अभियान सञ्चालन गरिरहेको बताए ।

विद्यालयको गुणस्तर सुधार्न स्थानीय सरकारले प्रत्यक्षरुपमा ध्यान दिनपर्ने र प्रयाप्त लगानी गर्नुपर्ने उनको जोड थियो । विकासमा जनताको लगानी भएकोले विकासमा जनसहभागिता र परिचालन महत्वपूर्ण हुने भन्दै वडालाई व्यवस्थित सुविधासम्पन्न बस्ती र व्यावसायिक सहर बनाउन सबै तहको सरकारसँग समन्वय गरिरहेको, खेलकुदक्षेत्र अगाडि बढाउन र धार्मिक पर्यटनको रुपमा वडालाई विकास गर्न विशेष ध्यान दिएको बताए ।

सामाजिक रुपान्तरणको लागि सबैखाले विभेद, विकृति र हिँसा अन्त्य गर्ने र हरियाली र उज्यालो वडा बनाउन सामाजिक अभियान सञ्चालन गर्नुको साथै भाषा, संस्कृति र साहित्यलाई जनस्तरमा पुऱ्याउन वडा कार्यालय लागिपरेको उनको भनाई थियो । साधारणसभाले पुन: देवकुमारी ढकालको अध्यक्षतामा उपाध्यक्ष उत्तराकुमारी रुपाखेती, सचिव किशोर दुलाल, सहसचिव निर्मल श्रेष्ठ र कोषाध्यक्ष उत्तम थापा सहित ९ सदस्यीय कार्यसमिति चयन गरेको छ ।

कार्यक्रममा हेटौंडा उपमहानगरपालिका सामुदाय परिचालन प्रमुख गंगा चौलागाई, अरनिको टोल विकास संस्थाका अध्यक्ष बीरेन्द्र ढुंगाना, संस्थाका प्रमुख सल्लाहकार उत्तम शर्मा ढकाल, सल्लाहकार राम श्रेष्ठलगायतले शुभकामना दिएका थिए । कार्यक्रम टोल विकास संस्थाका अध्यक्ष देवकुमारी ढकालको अध्यक्षतामा भएको हो ।

# महेश सन्यासआश्रमका पीठाधीश गिरि आज हेटौंडा आउँदै

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ महेश सन्यासआश्रमका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरि आज आइतबार हेटौंडामा आउने भएका छन् ।

मकवानपुर बहुमुखी क्याम्पसका पूर्वक्याम्पसप्रमुख बद्रीनाथ शर्माको हेटौंडा उपमहानगरपालिका-५ पिप्लेस्थित निजी निवासमा जारी श्रीमद्भागवत सप्ताह महापुराणमा सहभागी हुन पीठाधीश गिरि हेटौंडामा आउने बताइएको छ ।

सप्ताह महापुराणका क्रममा गिरिले सहभागी भक्तजनलाई आशिर्वचन दिने, दिव्य सत्संग एवम् प्रवचन कार्यक्रम रहेको जनाइएको छ ।

# २३ जनाले गरे रक्तदान

साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ ब्लड डोनर्स एशोसियसन नेपाल, मकवानपुर शाखाको आयोजनामा शनिबार भएको रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् ।

संस्थाका अध्यक्ष कपिला जोशीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१० का वडाध्यक्ष फुर्वादोर्जे लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा रक्तदान गर्ने २३ जनालाई प्रमाणपत्र प्रदान गरिएको थियो । नेपाल रेडक्रस सोसाइटीको ब्लड बैंकका प्राबिधिकले सहजीकरण गरेका थिए ।

# उपचुनाव लक्षित गर्दै ७ मंसिरमा काठमाडौंमा एमालेको सभा



काठमाडौं, २४ कात्तिक/ नेकपा एमालेले आगामी ७ मंसिरमा उपचुनाव लक्षित सभा गर्ने तयारी गरेको छ ।

शनिबार केन्द्रीय मूख्यालय च्यासलमा बसेको सचिवालय बैठकले उम्मेदवारहरु टुंग्याउँदै जनसभाबारे निर्णय गरेको हो । एमाले निर्णय अनुसार उपत्यकाका काठमाडौं, भक्तपुर र ललितपुर जिल्ला कमिटीको संयुक्त आयोजनामा काठमाडौंमा जनसभा हुनेछ ।

'यो जनसभालाई उपचुनाव लक्षित बनाउने कुरा भएको छ । त्यही अनुसार जनशक्ति उतार्ने गरी पार्टी पंक्ति परिचालित गर्छौं', एक पदाधिकारीले भने । उनका अनुसार जनवर्गीय संगठनहरु परिचालित गरेर सभालाई बृहत बनाइनेछ ।

एमालेको बैठकले उपचुनावका लागि मातहतको कमिटीबाट सर्वसहमत टुंगिएकै उम्मेदवारहरु अनुमोदन गरेको छ । उम्मेदवार टुंगिन बाँकी दैलेखको महाबु गाउँपालिकाको अध्यक्षबारे निर्णय लिने अधिकार सचिवालयले प्रदेश कमिटीलाई दिएको छ ।

बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले मातहतको कमिटीले उम्मेदवार टुंग्याउने निर्णय गरेको बताएका हुन् । राजधानी उपत्यकामा जनसभा सहित शक्ति प्रदर्शनको निर्णय गरेको एमालेले उपचुनाव हुने अरु क्षेत्रमा पनि सम्पूर्ण शक्ति परिचालित गर्ने निर्णय गरेको छ ।

# नेपालले मिस अर्थको प्रतिस्पर्धामा अन्तिम २० मा स्थान बनाउन सकेन

काठमाडौं, २४ कात्तिक/ फिलिपिन्सको मनिलामा जारी मिस अर्थ २०२४ बाट नेपाल बाहिरिएको छ । नेपालले अन्तिम २० मा स्थान बनाउन सकेन । फिनालेमा मिस नेपाल अर्थ सुमना केसीले प्रतिस्पर्धा गरिरहेकी थिइन् ।

मनिलामा यतिबेला मिस अर्थ २०२४ को ग्राण्ड फिनाले समारोह भैरहेको छ । मनिला पुगेका द हिडन ट्रेजरका निर्देशक प्रमोद कंशाकारले पनि नेपालले अन्तिम २० मा स्थान बनाउन नसकेको बताए ।

अष्ट्रेलिया, वेल्स, अमेरिका, नाइजेरिया, दक्षिण कोरिया, रुस, डोमिनिकन रिपब्लिक, मौरिसस, फिलिपिन्स, आइसल्याण्ड, पुएर्तो रिको, कार्बो भिर्दे, युएई, नेदरल्याण्ड्स, पेरु, नामिबिया, थाइल्याण्ड, न्युजिल्याण्ड, क्युवा र पोल्याण्ड अन्तिम २० मा प्रवेश गरेका छन् ।

यसवर्षको विजेतालाई वर्तमान मिस अर्थ द्रिता जिरीले ताज हस्तान्तरण गर्नेछिन् ।

# मकवानपुरे नेता थापाको कविता संग्रह सार्वजनिक



साझाकुरा संवाददाता

हेटौंडा, २४ कात्तिक/ राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपालका अध्यक्ष कमल थापाको कविता संग्रह 'बहिनीलाई चिठी' शनिबार सार्वजनिक भएको छ ।

काठमाडौंमा एक कार्यक्रमबीच नेता थापाकी बहिनी मिन्टुको ४५ दिनको पुण्यतिथिका अवसरमा कविता संग्रह विमोचन गरिएको हो । कार्यक्रममा बोल्दै अध्यक्ष थापाले बहिनी बितेको ४५ दिनमा बहिनीसँग बिताएका समयको बारेमा भावनात्मक संबेगलाई कविता संग्रहमार्फत् अभिव्यक्त गरेको बताए ।

नेता थापाले साहित्य र रचनातर्फ पहिल्यैदेखि अभिरुचि रहेको बताए । अध्यक्ष थापाले आफूले बहिनी मिन्टुको प्रेरणाले कविता संग्रह तयार पारेको जानकारी दिए । बहिनी विमला विष्टको ४५ दिनको पुण्यतिथिका अवसरमा कविता संग्रह विमोचन गरिएको हो । बहिनीमा समर्पित पुस्तकमा जीवनदर्शन, वियोग, राजनीतिक विषयवस्तु, राष्ट्रियतालगायत ६ वटा खण्ड छन् । कृतिमा दाजुभाइ र दिदीबहिनीको मायाप्रेम र बिछोड, सुखमय जीवन, विश्वासघातलगायत विषयमा कविता रचना गरिएको छ ।

कार्यक्रममा नेपाल शिक्षापरिषद्की अध्यक्ष वरिष्ठ साहित्यकार रमा शर्माले कृति लोकार्पण गर्दै वियोगलाई शक्तिमा रुपान्तरण गर्न सिर्जना गरिएको पुस्तक प्रेरणादायी रहेको बताइन् । उनले नेपाली साहित्यको विकासमा यसले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरिन् । कृतिलेखक थापाले साहित्यप्रति अभिरुचि भएकाले गीत, कविता लेख्ने गरेको बताउँदै बहिनीसँगको बिछोडको पीडालाई अभिव्यक्त गर्न यो कृति रचना गरेको जानकारी दिए ।

साहित्यकार डा.बम बहादुर थापाजितालीले कविता विषयवस्तुका हिसावले स्वच्छन्द लयमा रहेको बताउँदै कवितामा बहिनीलाई दिइएको अर्ती, उपदेश भावपूर्ण रहेको साथै मुलुकमा सनातनी, वैदिक महत्वलाई दर्शाउन खोजिएको बताए । पूर्वरथि नेत्रबहादुर थापाले शोकमा लेखिएको कृतिले बेथितिलाई मर्मस्पर्शीरुपमा प्रस्तुत गरेकाले केही कविताले पाठकलाई भावुक बनाउने उल्लेख गरे । लेखक थापाका यसअघि नाकाबन्दी र भूराजनीति, बुबा र द्वन्द्व व्यवस्थापनका चुनौती नामक कृति प्रकाशित छन् ।

मकवानपुरे राजनीतिका कुशल खेलाडी नेता थापाले यसअघि गत भदौ दोस्रो सातामा नेपाल र भारतबीचमा भूराजनीति, सुरक्षा र सामरिक विषयमा अवधारणागत भिन्नता भएका कारण नेपालले पटक-पटक नाकाबन्दी भोग्नुपरेको विषयमा पुस्तक प्रकाशन गरेका थिए । दुई देशबीचको सम्बन्धलाई उचाईमा पुऱ्याउनका लागि भूराजनीति र दुई देशबीचमा रहेको अवधारणागत भिन्नतालाई साँघुरो बनाउँदै लैजानु जरुरी रहेको विषयमा उनको पुस्तक राजनीतिकर्मीले अध्ययन गरिरहेका छन् ।

# हवाइ भाडा नियन्त्रणका लागि ५ बुँदे सहमति, टीबीए खारेज



काठमाडौं, २४ कात्तिक/ वायु सेवा कम्पनीहरुले ट्राभल एजेन्सीहरुलाई पछि टिकट बिक्री गर्नेगरी एकमुष्ट रूपमा टिकट बिक्रीको अधिकार हस्तान्तरण गर्ने व्यवस्था (टीबीए) खारेज हुने भएको छ ।

त्रिभुवन विमानस्थल ट्याक्सी वे मर्मतका लागि दैनिक १० घण्टा बन्द रहेको बेलामा भइरहेको टिकटको मूल्यवृद्धि नियन्त्रण गर्ने उपायस्वरुप उड्डयन क्षेत्रको सरोकारवालाको बैठकले टीबीए खारेज गर्ने निर्णय गरेको हो ।

नागरिक प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारी, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक जगन्नाथ निरौला, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र स्वदेशी तथा विदेशी वायुसेवा कम्पनीका सञ्चालक सहभागी बैठकले गरेको यो निर्णय अब सबै वायुसेवा कम्पनीहरूले पालना गर्नुपर्नेछ ।

बैठकले हवाइ भाडा नियन्त्रणसँग सम्बन्धित विभिन्न ५ निर्णय गरेको छ । जस अनुसार सबै वायुसेवा सञ्चालकले दुईपक्षीय हवाइ सेवा सम्झौताको 'प्राइसिङ' शीर्षकमा उल्लेख भएअनुसार 'उपभोक्तालाई मर्का पर्नेगरी अनुचित हवाइ भाडा असुल गर्न नहुने' प्रावधानको पालना गर्नुपर्नेछ ।

ट्राभल एजेन्सीहरूसँग टिकट बिक्रीको सम्झौता गर्दा निश्चित संख्या मात्र बिक्री गर्न सकिने र तोकिएको परिधिमा रहेर मात्र सेवा शुल्क लिने व्यवस्था मिलाउने जिम्मेवारी वायुसेवा सञ्चालकको हुने जनाइएको छ ।

त्यस्तै सबै वायुसेवा सञ्चालकहरूले उडान वृत्त वमोजिमको हवाइ भाडा सूची तोक्ने तथा सार्वजनिक गर्नुपर्ने निर्णय भएको पनि प्राधिकरणले जनाएको छ ।

२३ कात्तिकदेखि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 'ट्याक्सी वे' निर्माण सुरु भएको छ । उडान समय कटौती भएपछि एयर लाइन्सहरूले महँगो हवाइभाडा लिएको गुनासो आइरहेको छ ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना